# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ७० | काठमाडौं | सोमबार, १७ असार २०८१ | Prabhab National Daily | Monday, July 01, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# वैध कागजात अभावमा मलेसियामा धेरै नेपाली बन्दी

- नेपाली श्रमिकमध्ये ६१ प्रतिशत कागजपत्रसम्बन्धी मुद्दामा पक्राउ
- सम्झौताअनुसार काम र सुविधा उपलब्ध नहुँदा रोजगारदाता वा कम्पनी छोड्ने श्रमिक ५७ प्रतिशत
- मलेसिया गएका ५० प्रतिशत नेपाली श्रमिकले एक लाखदेखि दुई लाख रुपैयाँसम्म भर्ना शुल्कबापत बुझाएको खुलासा

**काठमाडौं–** वैध कागजातको अभावमा मलेसियामा धेरै नेपाली आप्रवासी श्रमिक पक्राउ परेका अध्ययन प्रतिवेदनले देखाएको छ। प्रवासी नेपाली समन्वय समिति (पिएनसिसी), सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटी (सेस्लम) र सोसल साइन्स बहाःको एक अध्ययनले मलेसियामा विभिन्न कारणले कारागार चलान भएका नेपाली आप्रवासी श्रमिकमध्ये ६१ प्रतिशत कागजपत्रसम्बन्धी मुद्दामा पक्राउ परेको देखाएको हो।

कैदमा रहेकामध्ये कागजपत्रसम्बन्धी ६१ प्रतिशत, सहकर्मी वा रोजगारदातासँग झगडाका आठ प्रतिशत र आपराधिक गतिविधिसम्बन्धी कारणले तीन प्रतिशत श्रमिक पक्राउ परेका अध्ययनले देखाएको छ। पिएनसिसीले आइतबार यहाँ पत्रकार सम्मेलन आयोजना गरी 'मलेसियामा ठगी, गिरफ्तारी र थुनामा रहेका नेपाली आप्रवासी श्रमिक' बारे अध्ययन प्रतिवेदन सार्वजनिक गरेको हो। अध्ययनले पिएनसिसीमा सन् २०२० देखि २०२३ सम्म दर्ता भएका ७५८ व्यक्तिका मुद्दाको विश्लेषण गरेको थियो। मलेसियामा नेपाली श्रमिकलाई आप्रवासनको यात्रा अझै पनि जोखिमपूर्ण र शोषणपूर्ण हुने गरेको अध्ययनले देखाएको छ।

### कैदमा पर्नुका कारण

रोजगारीका लागि मलेसिया पुगेका नेपाली मुख्यतया कागजातसम्बन्धी समस्या रहेको छ। कैदमा पर्ने ६१ प्रतिशत आवश्यक कागजपत्रसम्बन्धी मुद्दामा पक्राउ परेका छन्। कागजपत्रसम्बन्धी मुद्दामा पक्राउ परेका ८० प्रतिशत श्रमिक अनुमतिपत्र बाँधिएको रोजगारदाताकहाँबाट भागेको र त्यसकारण वैध भिसा वा काम गर्ने अनुमतिपत्र नभएकाले नौ प्रतिशत श्रमिक कैद परेका हुन्। नेपालका एजेन्ट वा भर्ना एजेन्सीबाट ठगिएर कागजपत्रविहीन भएर कैद पर्ने तीन प्रतिशत थिए। यस्तै राहदानी वा परिचयपत्र नभएकाले कैदमा पर्नेको संख्या एक प्रतिशत रहेको थियो। कतिपय अवस्थामा रोजगारदाताले राहदानी कागजपत्र नवीकरण नगर्दा श्रमिकलाई सास्ती हुने गरेको छ।

सार्वजनिक स्थानमा हिँडडुल गर्दा केही कारण प्रहरीले पक्राउ गरे आवश्यक परिचयपत्र र राहदानी देखाउन नसक्ने श्रमिकसमेत कैद परेका छन्। रोजगारदातालाई पक्राउबारे जानकारी नहुँदा लामो समय श्रमिक कैदमा परेका मुद्दा पनि छन्।

यस्तै, आफ्ना सहकर्मी वा रोजगारदातासँग झगडा गरेर कैद पर्ने नेपाली आप्रवासी श्रमिक आठ, आपराधिक गतिविधिका कारण तीन, हत्या, चोरी, अवैध लागुऔषध बेच्ने, सेवन गर्ने, नक्कली मदिराको बिक्री, जुवा र अपहरणको मुद्दामा कैदमा पर्ने नेपाली श्रमिक धेरै संख्यामा रहेका अध्ययनमा उल्लेख छ। अध्ययनअनुसार कैदभित्र पनि नेपाली आप्रवासी ठगीमा पर्छन्। न्यायका लागि सञ्चारसम्म पहुँच नहुने र सहयोग कहाँबाट लिने भन्ने जानकारी नहुने धेरैले कैदमुक्त गर्ने आश्वासनमा ठगिएका छन्।

(क्रमशः पृष्ठ २ मा)

# देउवा–ओली भेटले ल्याएको तरंग

■ जेबी योञ्जन



- संविधान संशोधन गरेर समानुपातिक निर्वाचन प्रणाली हटाउन र सरकार गठन गर्न कांग्रेस–एमालेबीच सहकार्यको पहल
- ओली–देउवाबीच शनिबार भएको लामो भेटवार्तापछि प्रधानमन्त्री दाहालले ओली र रास्वपा सभापति लामिछानेलाई बोलाएर छलफल गरे

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले तरिका मिले पाँचै वर्ष प्रधानमन्त्री हुने भनेको हप्ता दिन हुँदा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच भएको भेटवार्ताले सत्ता गठबन्धनमा संशय पैदा गराएको छ।

दुवै दलका दोस्रो तहका नेताहरू कांग्रेस-एमाले सत्ता सहकार्यका लागि लामो समयदेखि गृहकार्य गरिरहेका छन्। यहीबेला देउवा-ओलीको तीन घण्टा लामो संवाद शनिबार भयो। यसले प्रधानमन्त्री दाहालसँगै गठबन्धनका अन्य नेताहरू झस्किएका छन्। दाहाल नेतृत्वको सरकारको आयु कति ? अड्कलबाजी हुन थालेको छ।

कांग्रेस र एमालेका दोस्रो तहका नेताहरूले सार्वजनिकरूपमा सत्ता सहकार्यको पक्षमा बारम्बार बोल्दै आएका छन्। प्रतिनिधिसभा सदस्यसमेत रहेका कांग्रेस नेता प्रदीप पौडेलका अनुसार संविधान संशोधन र सरकारको स्थायित्वका लागि भए पनि कांग्रेस-एमाले एक ठाउँमा आउनुपर्ने बताए।

'अहिलेको निर्वाचन प्रणालीले कुनै दलको एकल बहुमत आउँदैन। जसले सरकार अस्थिर बनाइराख्यो,' उनले प्रभावसँग भने, 'त्यही भएर अहिलेको मिश्रित निर्वाचन प्रणाली हटाएर प्रत्यक्षमात्रै राख्न कांग्रेस-एमाले नमिली सुखै छैन।'

प्रधानमन्त्री दाहालले आइतबार उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेसँग छलफल गरेका छन्। उनीसँग भन्दा पहिले एमाले अध्यक्ष ओलीलाई बालुवाटार बोलाएर छलफल गरेका थिए। छलफलपछि अध्यक्ष ओलीले सबैसँग छलफल भइराखेको प्रतिक्रिया पत्रकारहरूलाई दिएका छन्। उता कांग्रेस सभापति देउवाले आन्तरिक छलफल तीव्र पारेका छन्। उनले प्रमुख सचेतक रमेश लेखकलाई आइतबार बिहान बूढानीलकण्ठ बोलाएका थिए। उनले देउवासँग भेटपछि भनेका छन्, 'समसामयिक राजनीतिका विषयमा छलफल भएको हो। मुलुकको बृहत्तर हितका लागि दुई जना (ओली र देउवा) बीच संवाद भएको हो। यो स्वाभाविक समसामयिक निरन्तर भइरहने भेट हो।'

एमाले उपमहासचिव प्रदीप ज्ञवालीले देउवा र ओलीको भेटवार्ता सामान्य राजनीतिक संवाद भएको बताए। 'दुई नेता संवादमा बस्दैमा आशंका गरिहाल्नु हुँदैन,' उनले भने, 'समसामयिक विषयमा सामान्य छलफल भएको हो।' कांग्रेसका एक पदाधिकारीले एमाले अध्यक्ष ओलीलाई प्रधानमन्त्रीमा अगाडि सारेर जान सकिने परिस्थिति बन्ने बताएका छन्। 'आजको भोलि नै सत्ता समीकरणमा फेरबदल ल्याउने गरी छलफल भएको छैन तर संवादका लागि ढोका खुलेको छ,' ती नेताले भने।

ओलीसँग आधा-आधा कार्यकाल प्रधानमन्त्रीमा आलो-पालो गर्न देउवा तयार देखिएका छन्। 'सभापतिजीले मिलेर जान गरेको प्रस्तावमा ओलीजी सकारात्मक हुनुहुन्छ। अब दोस्रो तहका नेताबीच प्राविधिक कुरा मिलाउन संवाद अगाडि बढेपछि निष्कर्षमा पुगिन्छ,' ती नेता भन्छन्।

कांग्रेस सहमहामन्त्री भीष्मराज आङ्देम्बेले ओली-देउवा भेटवार्तालाई 'आइसब्रेक' भएको बताए। 'दुईवटा मुख्य राजनीतिक दलका सभापतिहरूको भेट स्वाभाविक कुरा हो। उहाँहरू (देउवा र ओली)बीच संवाद नै नभइरहेको देखिन्थ्यो। शनिबारको भेट एउटा आइसब्रेक जस्तो भयो।'

कांग्रेसको संस्थापनइतर पक्षले बारम्बार कांग्रेस-एमाले सरकारको पक्षमा संवाद गरेको थियो। जसका लागि नेता शेखर कोइराला-गगन थापा समूह कांग्रेस-एमाले सत्ता सहकार्यका लागि बल गरिरहेको थियो। महामन्त्री थापा, मिनेन्द्र रिजाल, गोविन्द पोखरेललगायतका नेताहरू कांग्रेस-एमाले सत्ता सहकार्यका कांग्रेसबाट सूत्रधार हुन्।

उनीहरूले एमाले अध्यक्ष ओलीका साथै दोस्रो तहका नेतासँग पनि संवाद गरिरहेका छन्। मिल्नुपर्ने कारणचाहिँ निर्वाचन प्रणाली मिश्रित (समानुपातिक) हटाउनका लागि दुईतिहाइ बहुमत कांग्रेस र एमाले मिले पुग्ने भनिएको छ। अर्कोतिर सरकारको स्थायित्वसँगै उपराष्ट्रपतिलाई राष्ट्रिय सभा उपाध्यक्ष बनाउन पनि संविधान संशोधनकै लागि दुई दलबीच सहकार्य हुनुपर्नेमा नेताहरूको जोडबल छ।

(क्रमशः पृष्ठ २ मा)



अहिलेको निर्वाचन प्रणालीले कुनै दलको एकल बहुमत आउँदैन। त्यही भएर मिश्रित निर्वाचन प्रणाली हटाएर प्रत्यक्षमात्रै राख्न कांग्रेस–एमाले नमिली सुखै छैन।

■ **प्रदीप पौडेल**
**नेता, नेपाली कांग्रेस**



दुई नेता संवादमा बस्दैमा आशंका गरिहाल्नु हुँदैन। समसामयिक विषयमा सामान्य छलफल भएको हो।

■ **प्रदीप ज्ञवाली**
**उपमहासचिव, एमाले**

**सन्दर्भः वैदेशिक रोजगार**

# विदेशबाट फर्केर उद्यम गरिरहेका उत्कृष्ट उद्यमीलाई राष्ट्रिय सम्मान

## श्रममन्त्री अर्यालले भने- विदेशमा आर्जन गरेको सीप, ज्ञान र पुँजी स्वदेशमा लगानी गरौं

■ प्रभाव संवाददाता



काठमाडौं– श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले वैदेशिक रोजगारीमा गएकाहरूलाई आफूले आर्जन गरेको सीप, ज्ञान र पुँजी स्वदेशमा नै लगानी गरी उद्यमशीलता तथा रोजगारी प्रवर्द्धनमा जोड दिन आग्रह गरेका छन्। उनले वैदेशिक रोजगारीबाट फर्केर नेपालमा उद्यम गरिरहेका उत्कृष्ट उद्यमीलाई आइतबार मन्त्रालयमा राष्ट्रिय सम्मान तथा पुरस्कार वितरण गर्ने क्रममा उक्त कुरा बताएका हुन्।

मन्त्री अर्यालले विदेशबाट फर्किएका नेपालीले उद्योग सञ्चालन तथा आन्तरिक रोजगारी सिर्जना गर्नु देशकै लागि प्रेरणाको स्रोत भएको बताए। 'वैदेशिक रोजगारीबाट फर्किएर उद्यम गरिरहेकाहरूबाट स्वदेशमा नै केही गर्न सकिन्छ भन्ने सन्देश पुरस्कृत उद्यमीहरूले दिनुभएको छ,' उनले भने, 'अब एकपटक विदेश गएर सिकेका ज्ञान, सीप र आर्जन गरेको पुँजीलाई मुलुकभित्रै प्रयोग गरी उद्यमी बनाउनका लागि आवश्यक वातावरण तयार पार्न सबै मिलेर लाग्नुपर्छ।'

वैदेशिक रोजगारीमा गएर फर्केका युवालाई मुलुकभित्रै रहने वातावरण बनाउनु अहिलेको आवश्यकता देखिएको भन्दै मन्त्री अर्यालले उद्यमशीलता र रोजगार प्रवर्द्धन गर्न सरकारको तर्फबाट सहुलियत कर्जालाई सहज र व्यवस्थित रूपमा प्रवाह गर्न आवश्यक तयारी भइरहेको बताए। 'चर्को ब्याजमा कर्जा लिएर वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यतालाई हटाउन मन्त्रालयले तयारी गरेको छ,' उनले भने। मन्त्री अर्यालले मिटरब्याजमा कर्जा लिएर वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्न र स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गराउने कार्यसमेत भइरहेको बताए।

श्रमसचिव घनश्याम उपाध्यायले वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम तथा रोजगारी सिर्जना गर्नेहरूलाई प्रोत्साहन गर्ने नीतिअनुरूप सम्मान तथा पुरस्कार प्रदान गरिएको बताए। 'विदेशमा आर्जन गरेको सीप र पुँजी लगानी गरेर स्वदेशमा नै उद्योग र रोजगारी सिर्जना गर्नुभएको छ,' उनले पुरस्कृत हुनेहरूलाई बधाई दिँदै भने, 'मन्त्रालयले रोजगारी दिने नभई रोजगारीका लागि समन्वय गर्ने हो, तपाईंहरूले उद्यम पनि गर्नुभएको छ, रोजगारी पनि दिनुभएको छ, यस्तो अवस्थामा तपाईंहरूलाई सम्मान र पुरस्कृत गर्नु हाम्रो दायित्व हो।' उनले पुरस्कृत तथा सम्मानित हुने सबै उद्यमी आ-आफ्नो क्षेत्रमा सफल देखिएको भन्दै उनीहरूको सहजीकरणका लागि सरकारले सदैव सहयोगी भूमिका निर्वाह गर्ने बताए।

श्रम मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/८१ को उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कारबाट झापाका चन्द्रप्रसाद बस्नेतलाई पुरस्कृत गरेको छ। उनले एक लाख ५० हजार राशिको उक्त पुरस्कार हात पारे। 'लर्न एण्ड अर्न' योजनाअन्तर्गत इजरायल गएका बस्नेतले स्वदेश फर्किएर २०७६ बाट झापा गाउँपालिका-३ स्थित ३० बिघा क्षेत्रफलमा केराखेती गर्दै आएका छन्।

(क्रमशः पृष्ठ २ मा)




पृष्ठ १ बाट क्रमशः

## देउवा-ओली...

एमालेको तर्फबाट दुई दलबीच सहकार्यका लागि वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शंकर पोखरेल, प्रदीप ज्ञवालीलगायतका नेताहरू खटिँदै आएका छन् । यसअघि पनि कांग्रेस-एमाले पटक-पटक सरकार सञ्चालनको सन्दर्भमा एक ठाउँमा आएका छन् । पहिलोपटक २०५५ सालमा दुई दलबीच सत्ता सहकार्य भएको थियो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सरकारमा एमाले सहभागी भएको थियो । त्यतिबेला कांग्रेस र एमालेको सत्ता सहकार्य भएको थियो ।

त्यसपछि २०६१ जेठमा देउवा नेतृत्वको कांग्रेस प्रजातान्त्रिक र एमाले एक ठाउँमा उभिए । दुई वर्षपछि ११ वैशाख २०६३ मा जनआन्दोलन सफल भएपछि गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा कांग्रेस, एमालेलगायतका दलहरू सहभागी भए । विद्रोही माओवादी शान्ति वार्तामा आएर सोही सरकारमा सहभागी भएको थियो ।

गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्रीका रूपमा सरकारको नेतृत्व गरेका दाहालले तत्कालीन प्रधानसेनापति रुक्मांगद कटुवाल प्रकरणमा राजीनामा दिएपछि २०६७ जेठमा एमालेका तत्कालीन नेता माधवकुमार नेपाल नेतृत्वको सरकारमा कांग्रेस सहभागी भएको थियो । नेपाल नेतृत्वको सरकारलाई कांग्रेससहित २२ दलको समर्थन थियो । त्यसबेला दुई दलबीच १८ महिना सत्ता सहकार्य भएको थियो ।

त्यसपछि पनि यी दुई दलबीच सहकार्य भएको थियो । कांग्रेसका तत्कालीन सभापति सुशील कोइराला नेतृत्वको सरकारमा कांग्रेस र एमालेको सहकार्य भएको थियो । २०७० माघमा गठन भएको कोइराला नेतृत्वको कांग्रेस-एमाले सम्मिलित सरकारका पालामा २०७२ असोजमा नेपालको संविधान जारी भयो । त्यसयता यी दुई दलबीच सहकार्य हुन सकेको छैन । तर, हालैका दिनमा सत्ता सहकार्यको वातावरण बन्दै गएको बताइएको छ । यदि, सत्ता सहकार्य संघीय सरकारमा भए स्वतः प्रदेश सरकारहरूमा पनि सहकार्य गर्न सक्ने देखिएको छ । दुई दल मिलेको अवस्थामा हरेक प्रदेशमा सरकार गठन गर्न सकिने अवस्था छ ।

●●●

## वैध कागजात...

अध्ययनका क्रममा पिएनसिसीमा सन् २०२० देखि २०२३ सम्म दर्ता भएका ७५८ जना कैदमा परेका श्रमिकको तथ्यांक विश्लेषण र त्यसमध्ये १३ जनासँग अर्न्तवार्ता गरिएको थियो ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार सन् २०२२/२३ मा मलेसियाका लागि दुई लाख १९ हजार ३५७ जनाले नयाँ श्रम स्वीकृति लिएका थिए । मलेसिया जाने श्रमिकमध्ये अधिकांश मधेस, लुम्बिनी र कोशी प्रदेशका रहेका छन् । त्यहाँ उत्पादन क्षेत्रमा सबैभन्दा बढी ६६.६ प्रतिशत, प्राथमिक पेसा, कृषि, चालक, मेसिन अपरेटरलगायत क्षेत्रमा श्रम गर्दै आएका छन् । सन् २००८ देखि २०२२ सम्म मलेसियामा तीन हजार ५१९ जना नेपाली श्रमिकको मृत्यु भएको अध्ययन प्रतिवेदनले देखाएको छ ।

### नेपाली श्रमिकले किन छाड्छन् कम्पनी ?

धेरैजसो आप्रवासी श्रमिकले शोषणकारी रोजगार र रोजगार करारसँग सम्बन्धित समस्याका कारण रोजगारदाता एवं कम्पनी छोड्ने गरेका छन् । सम्झौताअनुसार काम र सुविधा उपलब्ध नहुँदा रोजगारदाता वा कम्पनी छोड्ने श्रमिक ५७ प्रतिशत छन् । उनीहरूले सम्झौताभन्दा कम ज्याला र ज्याला चोरीका कारण कम्पनी छोडने गरेको देखिएको छ । रोजगारदातासँगको झगडा, विवाद र अन्यत्र बढी कमाइ हुने अपेक्षाले पनि श्रमिकले कम्पनी छाडने गरेका अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

### भर्ना प्रक्रियामा समस्या

पिएनसिसीले गुनासो दर्ताको समयमा ७२.५ प्रतिशत श्रम स्वीकृति नभएको देखिएको उल्लेख गरेको छ । कूल ९७.६ प्रतिशतसँग गन्तव्य देशको कागजात अर्थात् रोजगार स्वीकृति, भिसा र बसोबास परमिट नभएको पाइएको थियो ।

यस अध्ययनले श्रमिकले अझै पनि अत्यधिक भर्ना शुल्क तिर्दै आइरहेको देखाएको छ । पिएनसिसीमा सन् २०२० र २०२३ का बीच मुद्दा दर्ता गर्ने मलेसिया गएका ५० प्रतिशत नेपाली आप्रवासी श्रमिकले एक लाखदेखि दुई लाख रूपैयाँसम्म भर्ना शुल्कबापत तिरेको पाइएको छ । अध्ययनअनुसार झण्डै ८४ प्रतिशत आप्रवासी श्रमिक मलेसिया आप्रवासनका लागि वैदेशिक रोजगार व्यवसायीमा (म्यानपावर कम्पनी) भरपर्ने गरेको देखाएको छ । त्यसका साथै करिब १५ प्रतिशत आप्रवासी श्रमिक व्यक्तिगतरूपमा वा आफन्त वा एजेन्टमार्फत मलेसिया पुगेका छन् ।

### प्रतिवेदनको सुझाव

सरकारले वैदेशिक रोजगारीमा गएका नेपालीको घर फिर्तीमा सहजीकरणका लागि गर्दै आएको प्रयास प्रयाप्त नभएको अध्ययनले देखाएको छ । त्यसैले सरकारले अप्ठ्यारामा परेका, काजगपत्र, जेल तथा घरफिर्ती केन्द्रमा रहेका नेपाली श्रमिकलाई स्वदेश फर्काउन कार्ययोजनासहित काम गर्न सुझाव दिएको छ । नेपाली आप्रवासी श्रमिकको सफ्ट सीपमा अभिवृद्धि र स्वदेश फिर्ता भएका आप्रवासी श्रमिकलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउनसमेत प्रतिवेदनले सुझाएको छ । *रासस*

●●●

## विदेशबाट फर्केर...

उनले एग्री सेन्टर झापा प्रालिको नामबाट सञ्चालन गरेको केराखेतीमा २७ जनाले प्रत्यक्ष रोजगारी पाएको मन्त्रालयले जनाएको छ ।

यस्तै अन्य सात जनाले जनही ७५ हजार राशिको उद्यमी राष्ट्रिय पुरस्कार पाए । यसरी सम्मानित एवं पुरस्कृत हुनेमा गुल्मीको गौरव दुग्ध डेरी प्रालिका सञ्चालक रविलाल पन्थ, झापाको जिएमसी सप्लायर्सका सञ्चालक मोहनप्रसाद संग्रौला, जुम्लाको कर्णाली इनोभेटिभ टेक्नोलोजी डेभलपमेन्ट उद्योगका सञ्चालक टक्कबहादुर नेपाली, कञ्चनपुरको चन्द्ररेखा इन्टरप्राइजेज प्रालिका सञ्चालक चन्द्रसिंह थापा, नुवाकोटको कन्यादेवी बंगुर फार्मका सञ्चालक अर्जुन परियार, म्याग्दीको विसम कृषि तथा पशुपालन फार्मका सञ्चालक भुपेन्द्र शर्मा र बाराको निजगढ केरा एग्रिकल्चर फार्मका सञ्चालक हिराबहादुर थापा मगर रहेका छन् ।

पुरस्कृत तथा सम्मानित हुनेहरू इजरायल, मलेसिया, खाडी मुलुक, दक्षिण कोरियालगायतका मुलुकमा रोजगारी गरेर फर्किएकाहरू रहेको मन्त्रालयले जनाएको छ । सरकारले २०७६ सालदेखि वैदेशिक रोजगारीबाट फर्किएका नेपालीलाई स्वदेशमा नै स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धनमा योगदान पुर्‍याएबापत प्रत्येक वर्ष पुरस्कार प्रदान गर्दै आएको छ ।

मन्त्रालयले यस बर्ष पुरस्कारका लागि ८९ जना उद्यमीले आवेदन दिए पनि मापदण्ड पूरा गरेका आठ उद्यमीलाई पुरस्कृत गरिएको जनाएको छ । मापदण्डअनुसार पुरस्कारका लागि वैदेशिक रोजगारमा न्यूनतम एक वर्ष काम गरेको र नेपाल फर्किएर व्यवसाय सञ्चालन गरेको कम्तीमा एक वर्ष पूरा हुनुपर्ने व्यवस्था छ ।

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Yusho Global Pvt.ltd** इजाजत नम्बर ११८२/०७३/७४ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्वन्धित सवैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्वन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्वन्धित सवैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम थर | नागरिकता नं. |
|---|---|---|
| १. | मुनामाया खत्री | १६३०००/४९ |

**YUSHO GLOBAL PVT. LTD.**
Pinglasthan-9, Gausala, Kathmandu, Nepal, Tel: +014489104, 014488104

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१/०२/११ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (**एस.डि.आर. लजिष्टिक प्रा.लि.**) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"एस.डि. आर. बिजनेस प्रा.लि.(प्रा. लि. नं. १७८६६९)"** कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०३/१७ गते)

खड्क बहादुर श्रेष्ठको नाती, श्याम बहादुर श्रेष्ठको छोरा, सल्यान जिल्ला शारदा नगरपालिका वंडा नं ०५ बस्ने श्री चन्द्र कुमार श्रेष्ठको मिति २०८०/११/१५ गते मुत्यु भएकोले निजको नाममा यस बैंकको सल्यान शाखामा रहेको बचत खाता नं. ०२५००१४९३१४००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाउँ भनि निज खातावालको श्रीमती शिव देवी श्रेष्ठले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदनको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र अग्राधिकारवाला हकदारहरुले सबुत प्रमाण सहित दाबी गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय सल्यान फोन नं.०८८-५२०३१८

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर १४०८/०७४/७५ यस **Leader Overseas Pvt.ltd.** मा कार्यरत तपसिल पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दाबी विरोध सम्बन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| नाम | नागरिकता नम्बर |
|---|---|
| रेश्मा बुढा मगर | ७६-०१-७५-०१२५७ |
| आशा घर्ती मगर | ५४-०१-७३-०२८३२ |
| मनोज बुढा मगर | ५६१०२० |
| जयपुरी बुढा मगर | २०२/४५१ |
| माया राना मगर | २०२०/०१/०६ |

**LEADER OVERSEAS PVT.LTD.**
Govt. License 1408/074/75
Samakhusi-26, Kathmandu, BAGMATI
Ph No.01-495039, Email :leaderoverseas2018@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: **AL ERTIKAZ ALMASI CONTRACTING**

पूर्व स्वीकृति मिति २०८१/03/१४ | LT. No.306989 | चलानी नं. ६०२१७०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.** Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१/०३/०२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (**वन सिपिङ्ग लजिष्टिक प्रा.लि.**) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"वन इन्टरनेशनल ट्रेड प्रा.लि.(प्रा. लि. नं. २६१३४०)"** कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६२/०५/२८ मा दर्ता भएको प्रा.लि.नं. ३६३२१ को **पिस फर्मासिटिकल्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SALM COMPANY FOR MAINTENANCE AND CLEANING**

पूर्व स्वीकृति मितिः २०८१/03/०२ | LT. No. 306617 | चलानी नं. ६०२२१७४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Roof Cleaning Worker | 12 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २६ गते (10th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१/०२/३१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (**निउरा ट्रेडिङ्ग प्रा.लि.**) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"हिमालयन फेल्ट एण्ड काफ्ट प्रा.लि.(प्रा. लि. नं. ६६८०४)"** कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

असार १७ गते २०८१, सोमबार

| | |
|---|---|
| मेष | आफ्नो कामकुराका निमित्त समय दिन खोजिनेछ । |
| वृष | समयअनुसारका काममा ध्यान दिनुपर्ने बेला छ । |
| मिथुन | नयाँ रोजगारीको सम्भावना छ । |
| कर्कट | दैनन्दिन काममा सक्रिय हुन खोजिनेछ । |
| सिंह | सहजता विचार्दै आफूलाई अघि सारिनेछ । |
| कन्या | कुनै-कुनै कुरामा सम्झौता गर्नुपर्ने हुन्छ । |
| तुला | काम कसरी सहज हुन्छ आफैंले विचार गर्नुपर्नेविभिन्न |
| वृश्चिक | व्यक्तित्वसित चिनजान गर्ने मौका मिल्नेछ । |
| धनु | विभिन्न माध्यमबाट अपेक्षित सहयोग पाइनेछ । |
| मकर | परिस्थिति विचार्दै अघि बढ्नु उचित हुनेछ । |
| कुम्भ | सुझबुझले काम सल्टाउनु उचित हुनेछ । |
| मीन | कमजोरी र थकानले काममा मन नलाग्न सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार १७ गते, २०८१, ०१ जुलाई, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.२४ | १३३.८४ |
| युरो | १ को | १४२.९५ | १४३.५९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.७१ | १६९.४७ |
| स्विस फ्रैन्क | १ को | १४९.१७ | १४९.८४ |
| अस्ट्रेलियन डलर | १ को | ८८.५४ | ८८.९४ |
| क्यानाडियन डलर | १ को | ९७.४० | ९७.८४ |
| सिँगापुर डलर | १ को | ९८.४७ | ९८.९१ |
| जापानी येन | १० को | ८.३५ | ८.३९ |
| चिनियाँ युआन | १ को | १८.३५ | १८.४४ |
| साउदी अरब रियाल | १ को | ३५.५२ | ३५.६८ |
| कतारी रियाल | १ को | ३६.५५ | ३६.७१ |
| थाई भाट | १ को | ३.६३ | ३.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२८ | ३६.४४ |
| मलेसियन रिङेट | १ को | २८.२८ | २८.४१ |
| दक्षिण कोरियन वन | १०० को | ९.६० | ९.६४ |
| स्विडिस क्रोनर | १ को | १२.६९ | १२.७५ |
| डेनिस क्रोनर | १ को | १९.१६ | १९.२५ |
| हङकङ डलर | १ को | १७.०७ | १७.१४ |
| कुवेती दिनार | १ को | ४३४.४२ | ४३६.३७ |
| बहराइन दिनार | १ को | ३५३.४५ | ३५५.०५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# स्थानीय पेयपदार्थको 'ब्राण्डिङ' सम्भाव्यता अध्ययन गर्दै कामपा



**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले 'स्थानीय पेय पदार्थको ब्राण्डिङ' सम्भाव्यता अध्ययन सुरु गरेको छ । नेवाः समुदायले धार्मिक, सांस्कृतिक तथा सामाजिक कार्यका लागि उत्पादन गर्ने पेयपदार्थ औषधिका रूपमासमेत प्रयोग हुने गरेका छन् । जन्म मृत्युबीचका संस्कार तथा शुभकार्य, जात्रा पर्व, पाहुना आउँदा वा बिदाइ गर्दा आफैंले उत्पादन गरेको पेयपदार्थ (ऐला, ठों) लाई गुणस्तरीय मानिन्छ । यसरी उत्पादन हुने पेयपदार्थको गुणस्तरीयतालाई ब्राण्डिङ गरेर विश्वसमक्ष पुऱ्याउने सम्भावनालाई अध्ययनबाट हेर्न लागिएको कामपाले जनाएको छ ।

यो कार्यक्रमलाई कामपा सहकारी विभागले अगाडि बढाएको हो । कामपा प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारले भने, 'अध्ययनबाट आर्थिक, सामाजिक, सांस्कृतिक जस्ता पहिचान बढाउन सहयोग पुग्ने देखियो भने कानुनी व्यवस्था गरेर सम्भावनालाई नतिजामा रूपान्तरण गर्नेछौं ।'

उनले पेयपदार्थ उत्पादनका लागि आवश्यक कच्चापदार्थ, उत्पादन प्रक्रिया, मात्रा, समयावधि, भण्डारण विधि, प्रयोग विधिलगायतका विषयमा जानकारी दिँदै कामपाले अगाडि सारेको कार्यक्रमले नेवाः सभ्यता अन्तर्राष्ट्रियकरण हुनमा योगदान पुग्ने विश्वास व्यक्त गरे ।

यसमा समुदायले सांस्कृतिक प्रयोजनका लागि उत्पादन गरेका वस्तुको मात्र अध्ययन हुने छ । पहिलो चरणको अध्ययन सुरु भइसकेको छ । यसबाट कुन ठाउँमा कसले बनाएको उत्पादन कुन-कुन प्रयोजन (शुभ कार्य, औषधि, पिउन) का लागि ब्राण्डिङ गर्न सकिन्छ भन्ने थाहा हुने छ । त्यसपछि आवश्यक कानुनी व्यवस्था गर्ने र यसका आधारमा मूल्य, कर र प्रयोजन निर्धारण गरिने बताइएको छ ।

# एसइईको पुरक परीक्षा साउन २३ देखि ३१ सम्म

**भक्तपुर (प्रस)–** राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसइइ) को ग्रेड वृद्धि अर्थात् पुरक परीक्षा साउन २३ गतेदेखि सञ्चालन गर्ने भएको छ ।

आइतबार राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) र शिक्षा मन्त्रालयको संयुक्त बैठकले साउन २३ गतेबाट ग्रेड वृद्धि अर्थात् पुरक परीक्षा सञ्चालन गर्ने निर्णय गरेको परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिए । यसअघि परीक्षाफल सार्वजनिक गरेको दिनमा बोर्डका अध्यक्ष प्रा.डा. महाश्रम शर्माले दुई विषयमा 'नन ग्रेडेड' अर्थात् अनुत्तीर्ण विद्यार्थीका लागि बोर्डले साउन १८ र १९ गते परीक्षा गर्ने बताएका थिए ।

यद्यपि शिक्षा मन्त्रालयले शुक्रबार नै दुईभन्दा बढी विषयमा नन ग्रेडेडलाई परीक्षामा सहभागी गराउने निर्णय गर्दै बोर्डलाई निर्देशन दिएपछि आइतबार बसेको बार्ड बैठकले परीक्षा मिति सारेर सबै विषयको परीक्षा दिने निर्णय गरेको उनले जानकारी दिए ।

साउन २३ गतेबाट सुरु भई साउन ३१ गतेसम्म सञ्चालन हुने पुरक परीक्षाको नतिजा भने असोजको पहिलो साताभित्र सार्वजनिक गर्ने जनाइएको छ । पुरक परीक्षामा उत्तीर्ण विद्यार्थीलाई यसै वर्ष कक्षा ११ को अध्ययन गर्ने अवसर प्रदान गरिने भएको छ ।

गत बिहीबार प्रकाशित एसइईको नतिजाअनुसार 'नन ग्रेडेड' अर्थात् अनुत्तीर्ण दुई लाख ४२ हजार ३१३ विद्यार्थी पुनः परीक्षामा सहभागी हुन पाउने भएका छन् । बोर्डले परीक्षा तालिका नै परिवर्तन गरेर साउन २३ गतेबाट सञ्चालन गर्ने जनाएको हो ।

# कोरोना भाइरसविरुद्धको खोप ल्याइयो

**काठमाडौं (प्रस)–** सरकारले कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोप ल्याएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरसविरुद्धको फाइजरको 'मनोभ्यालेन्ट' खोप आइतबार कतार एयरवेजमार्फत ल्याएको हो ।

स्वास्थ्य सेवा विभागका बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले आइतबार ४६ लाख ८० हजार मात्रा खोप ल्याइएको जानकारी दिए । नेपालमा गत जेठमा नयाँ भेरियन्ट 'केपी १', 'केपी २', 'केपी ३' र 'केपी ४' देखिएसँगै सरकारले खोप ल्याएको हो ।

उनले आइतबारदेखि नियमितरूपमा पाँच दिनसम्म कोरोना भाइरसविरुद्धको १६ लाख मात्रा खोप ल्याइने बताए । उनले उक्त खोप विदेश जाने, रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिस, दीर्घरोगी, ज्येष्ठ नागरिक, गर्भवती र स्वास्थ्यकर्मीलाई लगाइने बताए । खोप ग्लोबल अलायन्स फर व्याक्सिन एन्ड इमुनाइजेसन (गाभी)को अनुदानमा ल्याइएको हो । सरकारी अस्पतालमा अहिले पनि कोरोना भाइरसविरुद्धको खोप लगाउने गरिन्छ ।

# सहकारी ठगीको अभियोगमा अध्यक्षसहित चार पक्राउ

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले ठगी अभियोगमा एक सहकारीका अध्यक्षसहित चार जनालाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको छ । ललितपुर महानगरपालिका-३ पुल्चोकस्थित लालीगुराँस सहकारी संस्थामा रहेको बचतकर्ताहरूको निक्षेप अपचलन गरी हिनामिना गरेको आरोपमा संस्थाका अध्यक्ष काठमाडौं महानगरपालिका-१३ घर भई सोही महानरपालिका-४ चुनदेवी बस्ने अमरदास श्रेष्ठसहित चार जनालाई पक्राउ गरिएको हो ।

पक्राउ पर्नेमा संस्थाका सचिव एवं प्रमुख कार्यकारी अधिकृत गोरखा सिरानचोक गाउँपालिका-२ घर भई ललितपुर भैँसेपाटी बस्ने सुरेन्द्र भण्डारी, संस्थाका कोषाध्यक्ष काठमाडौं महानगरपालिका-२ लाजिम्पाटका अमृतकुमार अर्याल र संस्थाका सदस्य ललितपुर महानगरपालिका-११ घर भई काठमाडौं महानगरपालिका-६ चावहिल बस्ने कदमबाबा जोशी प्रधान रहेका छन् ।

उनीहरूले आकर्षक ब्याज दिने र चाहिएका बेला जम्मा भएको रकम झिक्न मिल्ने भनी विश्वास दिलाइ सञ्चालकलाई लाभ र बचतकर्तालाई हानी पुग्नेगरी निक्षेप अपचलन तथा ठगी गरेको अनुसन्धानका क्रममा खुल्न आएको कार्यालयका सूचना अधिकारी, प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

## गौरादह नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
गौरादह, झापा
कोसी प्रदेश, नेपाल

### जनहितमा जारी सन्देश

**डेंगु (Dengue Fever) रोग सम्बन्धि जानकारी**

डेंगु रोग लामखुट्टेको टोकाईको कारणले सर्ने एक सरूवा रोग हो । यो रोग (Dengue Fever) डेंगु रोग लागेको मानिसबाट अर्को मानिसमा लामखुट्टेको टोकाईबाट सर्ने गर्दछ । रोग सार्ने लामखुट्टे यस क्षेत्रमा रहेको हुँदा हामी सबै जोखिममा छौं । भाईरसबाट हुने यस रोगको हालसम्म खोप तथा खास उपचार छैन । एडिस एजिप्टाई र एडिज आल्बोपिक्टस नामको लामखुट्टेको टोकाईले डेंगु रोग सर्दछ ।

**रोग लागे पछि देखिने चिन्ह र लक्षणहरू**

- जाडो हुँदै उच्च ज्वरो आउने, जीउ दुख्ने, जोर्नी तथा हाडहरु बेस्सरी दुख्ने ।
- रोग लागेको केही समय पछि छाला मुनी रगत जमेको धब्बाहरु देखा पर्ने ।
- रोगको जटिलता हुँदै गएपछि नाक गिजा वा शरीरका अन्य अंगहरुबाट रगत बग्ने ।
- ज्वरो आएको केही समयपछि प्रशस्त पसिना आउने र रक्तचाप घट्ने ।

**डेंगु रोगको उपचार**

- डेंगु गराउने भाईरसको विरूद्ध उपचार नभएको र खोपको पनि विकास भई नसकेकोले समयमै अस्पतालमा उपचारका लागि जानु पर्छ ।
- आफु खुसी अथवा चिकित्सको सल्लाह बिना ब्रुफेन एस्प्रीन जस्ता दुखाई कम गर्ने औषधीहरु कदापि खानु हुँदैन ।

**डेंगु रोगबाट बच्ने उपायहरू**

- लामखुट्टेको टोकाईबाट बच्ने नै यस रोगबाट बच्ने उत्तम उपाय हो ।
- यो रोग सार्ने लामखुट्टेले दिउँसोको समयमा टोक्ने भएकाले अनावश्यक रुपमा बाहिर ननिस्कौं ।
- बाहिर निस्कनु परेमा पुरा जिउ ढाक्ने लुगा लगाएर मात्र निस्कौं ।
- लामखुट्टेले गाडीको पुरानो टायर भित्र जमेको पानी, खुल्ला टंकी, कुलर भित्र जमेको पानी, गमलाको पानी, टुटे फुटेको गाग्री, सिसा, खेर फालेका प्लाष्टिक, टिनका बट्टा आदिमा जमेको पानीमा फुल पार्ने हुँदा उक्त पानीको भाडोहरुलाई घोप्टाई सुख्खा पार्ने ।
- बगैंचा, करेसाबारी, घरको छत आदिमा रहेका डिब्बा, भाडा, टायर, बोतल आदिमा जम्मा भएको पानी सुख्खा गराउनु रोगबाट बच्ने अति प्रभावकारी उपाय हो ।
- तसर्थ लामखुट्टेको बासस्थान खोज र नस्ट गर्ने अभियान यो रोगको रोकथाम गर्ने उत्तम विकल्प हो ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL FACTORY FOR PROCESSING & TREATING MINERALS
पूर्व स्वीकृति मिति : २०८०/११/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०३/१६ | LT. No. 300793 | चलानी नं. ६०२१५६४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Career International Services (P.) Ltd.
License No. : 646/063/064
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTERNATIONAL FACILITIES MANAGEMENT
पूर्व स्वीकृति मिति २०८०/०४/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०३/१६ | LT No : 290247 | चलानी नं ६०२०५४५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning Mechanic | 5 | 0 | 120 | ४१,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 15 | 12 | 100 | ३४,६३५ | | | | | | | |
| 3 | Sanitary Installation Worker | 5 | 0 | 120 | ४१,५६५ | | | | | | | |
| 4 | Wiring Electrician | 20 | 0 | 120 | ४१,५६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८३४/०६६/०६७
CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAYAS TEXTILE COMPANY FOR MEN'S TAILORING IS A ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०३/१६ | LT. No. 307000 | चलानी नं. : ६०२२१७४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार १४ गते (28th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं १५७०/०७९/८०
SHIVAM INTERNATIONAL
Manpower Services Pvt. Ltd
Sinamangal-9, Kathmandu Nepal
Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com
Web: www.shivamintlmanpower.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAROQ AL SHARQ EQUIPMENT RENTAL EST
पूर्व स्वीकृति मिति: २०८०/१२/१९ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०३/१६ | LT. No. 302922 | चलानी नं. ६०२१७७४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 1 | 0 | 2500 | ८८,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १७२/०५६/५७
WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np

## Free Visa!! Free Ticket!!
## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ONE & ONLY ROYAL MIRAGE
पूर्व स्वीकृति मिति २०८०/११/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/१६ | LT. No. 300577 | चलानी नं. ६०२१५७०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | commis I | 1 | 0 | 1500 | ५४,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Commis III | 1 | 0 | 1000 | ३६,२६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्क: निःशुल्क/-

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

श्रम ईजाजत नं. ८२२/०६६/०६७
VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194839, 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GAUHER SERVICES AND CLEANING
पूर्व स्वीकृति मिति २०८०/११/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०३/१६ | LT. No. 301542 | चलानी नं. ६०२१६५६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 2 | 1 | 1000 | ३६,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Salesman | 4 | 0 | 1300 | ४७,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHIRAKAT ALMAS ALAMA LATHASNIA AL AFLAM AL KABILA LILINKIMASH AL MAHDOODA
पूर्व स्वीकृति मिति २०८१/०३/१४ | LT. No. 306904 | चलानी नं. ६०२२१७२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७९४/०६५/०६६
TRIPLE STAR EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### भ्रष्टाचार नियन्त्रणमा कठोर बनौं

भ्रष्टाचारको विश्वव्यापी सूचकांकमा नेपालको स्थान पहिलोपटक सुध्रिएको भनेकै गत वर्ष हो । ठूलठूला भ्रष्टाचारकाण्डको फाइल सरकारले खोलेको र न्यायालयबाट पनि भ्रष्टाचारसम्बन्धी केही महत्त्वपूर्ण मुद्दाको निरूपण भएपछि नेपाल भ्रष्टाचार हुने देशको सूचीमा १०८औं स्थानमा थियो । तर, यस वर्ष भ्रष्टाचार सूचकांकमा नेपालको स्थिति झन् नाजुक हुने देखिएको छ । अर्थात्, बढी भ्रष्ट मुलुकको सूचीमा नेपाल पर्ने सम्भावना छ । कारण, निजामती सेवाकै सबैभन्दा उच्चपदस्थ मुख्यसचिव वैकुण्ठ अर्यालविरुद्ध भ्रष्टाचार मुद्दा दायर भयो । उनी निलम्बित छन् ।

भ्रष्टाचारजस्तो राष्ट्रघातसँग जोडिएको आपराधिक कसुरमा मुख्यसचिव जोडिनु पक्कै पनि गम्भीर विषय हो । यसले निजामती सेवाकै बद्नाम भएको छ । नेपालको अन्तर्राष्ट्रिय छविमा कालो धब्बा लागेको छ । यसबाट निजामती प्रशासनका सबैभन्दा उच्चपदस्थ अधिकारीले कसरी भ्रष्टाचारजन्य गतिविधिको नेतृत्व गर्छन् ? त्यो पनि छर्लंग भएको छ ।

सार्वजनिक सेवा सुधारसम्बन्धी आयोगले यसअघि नेपालको सार्वजनिक सेवा भ्रष्टाचारजन्य गतिविधिले गाँजेको प्रतिवेदन सार्वजनिक गरेको थियो । त्यसमा कर्मचारीतन्त्र पूरै भ्रष्ट देखिएको पनि उल्लेख थियो । घूस, रिसवत नदिइकन कुनै सार्वजनिक सेवा पाउन सेवाग्राहीलाई कठिन पर्ने गरेको तथ्य पनि सार्वजनिक गरेको थियो । यसमा जिम्मेवार कर्मचारीतन्त्रलाई ठह-याइएको थियो । यहीबीच कर्मचारीतन्त्रमा आमूल सुधार ल्याउनुपर्ने माग पटक–पटक उठ्यो । तर, भ्रष्ट कर्मचारीतन्त्र सुध्रिने छाँट देखिएन ।

जबकि, गत २१ फागुन २०८० मा बनेको वर्तमान सत्ता गठबन्धनले पहिलो बुँदामै देशमा भ्रष्टाचार न्यूनीकरण गर्दै सुशासनको मार्गमा अघि बढ्ने प्रण गरेको थियो । भ्रष्टाचारविरुद्ध निर्मम बन्ने प्रधानमन्त्री पुष्पकमल दाहाल अहिले पनि बताउँछन् । तर, मुख्यसचिव अर्याल नै अन्तःशुल्क स्टिकर छपाइमा भ्रष्टाचार गरेको भन्दै प्रतिवादी बने । उनी टेरामक्सदेखि आधा दर्जन बढी काण्डमा पनि मुछिएका छन् । अख्तियार अनुसन्धानमै व्यस्त छ । विडम्बनाचाहिँ के छ भने यसरी कर्मचारीतन्त्र भ्रष्टाचारमा लीप्त हुँदा राजनीतिक नेतृत्व पनि जोडिने गरेका छन् । यसबाट भ्रष्टाचारमा मिलिजुली हुने गरेको संश्लेषण गर्न सकिन्छ ।

जबकि, जनता देशमा हुने भ्रष्टाचारले वाक्कदिक्क छन् । जनतासामु भ्रष्टाचार न्यूनीकरण गर्ने भन्दै चुनावमा दलहरू वाचा गर्छन् । तर, चुनावपछि सत्तामा पुगेर कर्मचारीसँगै राजनीतिक नेतृत्व भ्रष्टाचारमा चुर्लुम्म डुब्ने गरेका छन् । जसले गर्दा नेपाल विश्वमा धेरै भ्रष्टाचार हुनेमध्येको एक मुलुकमा पर्छ । जुन कलंक हो । यसविरुद्ध सरकार निर्मम हुनुको विकल्प छैन ।

## मनन्योग्य

### चाणक्य नीति

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज, क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

# हवाई विकासक्रममा नेपाल वायुसेवा निगम



■ हरिगोपाल प्रधान

नेपाल वायुसेवा निगमले २०१५ साल असार १७ गते (तदनुसार १ जुलाई १९५८) स्थापनाकालदेखि सेवा प्रारम्भ गरेयता दुर्गम क्षेत्र पनि सुगम बन्दै गइरहेका छन् । अधिकांश विकट पहाडी ठाउँहरूमासमेत निगमले आफ्नो सेवा उपलब्ध गराएको छ । वैदेशिक मुद्रा आर्जन गर्ने अन्तर्राष्ट्रिय उडानलगायत ग्राउन्ड ह्यान्डलिङ (भूमिस्थ सेवा) अन्तर्राष्ट्रियस्तरको उत्कृष्ट सेवाबापत इनटरनेसनल सेफ्टी अडिट फर ग्राउण्ड अपरेटर (आइसागो) प्रमाणपत्र प्राप्त गरेको छ । निगमले सम्पूर्ण सेवालाई प्रमुखतासाथ अगाडि बढाउन प्रयासरत छ ।

देशमा हवाई इन्धन आपूर्ति नहुँदा निगमका विमानहरूले विदेशबाट इन्धन आपूर्तिसमेत गरेको थियो र आन्तरिक उडानका अन्य विमानहरूलाई पनि इन्धन वितरण गरेको थियो साथै काबुलमा विष्फोटमा परेका निर्दोष नेपालीहरूको शव ल्याउनेलगायत कोरोना भाइरस (कोभिड-१९) को महामारीमा औषधिलगायत विदेशमा बस्ने नेपाली र नेपालमा बसेका विदेशलाई गन्तव्यस्थलमा पुऱ्याउने काम गरेर देशमा सेवा गर्दै आएको छ । महाभूकम्पको बेला विदेशबाट निःशुल्क सामानहरू ल्याउनुका साथै अन्य तवरले पनि सेवा पुऱ्याइरहेको छ । नाफा आर्जनमा मात्र आफूलाई सीमित नराखी निगमले सेवाभावनालाई प्राथमिकता दिँदै आएको छ । अन्य यातायातका साधन नभएका दुर्गम क्षेत्रका जनतालाई अपेक्षाकृत सस्तो दरमा सेवा उपलब्ध गराउनुका साथै त्यस्ता ठाउँमा दैनिक उपभोग्य वस्तु र निर्माण सामग्रीहरू पुऱ्याउनमासमेत सक्रियता लिँदै आएको छ । तर यसबापत सरकारबाट कुनै अनुदान प्राप्त गरिँदैन ।

आन्तरिक उडानमा घाटा सहेर पनि निगमले आफूलाई बढी सेवामुखी बनाएको छ भने बाहय उडानहरू पनि अन्य विमान सेवाहरूभन्दा तलनात्मकरूपमा सस्तो बनाइएको छ । नियमित, स्तरीय एवं विश्वसनीय सेवा दिनु निगमको प्रमुख लक्ष्य हो । अहिले आन्तरिक तथा बाहय सेवामा निगमले बर्षेनि लाखौं स्वदेशी-विदेशी यात्रु तथा पर्यटकहरू ओसारपसार गर्दछ र करोडौं रूपैयाँबराबरको विदेशी मुद्रा आर्जन गरेर देशको अर्थव्यवस्थामा सघाउ पुऱ्याएको छ । तर विमानको कमीले प्रतिस्पर्धामा अनेक असुविधा र कठिनाइ पनि यसले सहनुपरेको छ । यसबाट नियमितरूपमा विमान सेवा सञ्चालन गर्नमा निगमलाई अनेक बाधा छन्, तापनि सम्भव भएसम्मका सेवा निगमले उपलब्ध गराइरहेको छ ।

विदेशका धेरै मुलुकहरूमा राष्ट्रिय ध्वजावाहकका रूपमा नेपालको छविलाई विश्वमा फैलाउने कार्यमा नेपाल वायुसेवा निगम उत्तिकै क्रियाशील रहेको छ । स्वदेशका आठ हजार मिटरभन्दा अग्ला हिमालहरू सगरमाथा, ल्होत्से, चोयु, ल्होत्से सोर, यालुंगखान वेस्ट, कञ्चनजंघा साउथ, मकालु, ल्होत्से मिडल, धौलागिरि, मनास्लु, कञ्चनजंघा, अन्नपूर्ण, कञ्चनजंघा सेन्टर तथा अन्य थुप्रै हिमाली क्षेत्रमा यसले यात्रुहरूलाई दृश्यावलोकन गराइरहेको छ भने विदेशतर्फ भारतका विभिन्न स्थानहरू, जस्तै नयाँ दिल्ली, मुम्बई, बैंगलोर, मलेसियाको क्वालालम्पुर, युएईको दुबई, कतारको दोहा, साउदी अरेबियाको रियाद, थाइल्याण्डको बैंकक, हङकङ र जापानको नारिता आदिजस्ता थुप्रै स्थानहरूमा सेवा पुऱ्याउँदै आएको छ । निगमले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय धेरै उडानहरू कटौती गरेको भएता पनि अस्ट्रेलिया, पेरिस, लण्डन, जर्मन, सिंगापुर, कलकत्ता, श्रीलंका, पटना, ढाकाजस्ता अन्य कटौती भइसकेका स्थानमा पनि अब उडान भर्नु अत्यावश्यक भइसकेको छ ।

कोरोना भाइरस (कोभिड-१९) केही नियन्त्रण भएको अवस्थामा र आगामी वर्षदेखि पर्यटकको संख्यामा उल्लेख्यरूपमा वृद्धि हुने आशा सबैमा पलाएको छ । नेपाल वायुसेवा निगमले र विश्वका ठूला-ठूला वायुसेवा निगमहरूले उडान गर्ने दोहा, दुबई, रियादसँग सीधा हवाई सम्पर्क भएकाले युरोप र अमेरिकाका पर्यटकहरू नेपाल आउन सजिलो भएको हुँदा पर्यटकहरूको संख्यामा उल्लेख्यरूपमा अन्य देश भएर नेपालमा आउने पर्यटकहरूलाई सबभन्दा महँगो भाडादरमा नेपाल सरकारले हवाई टिकटमा भ्याट लगाएपछि झन् महँगो पर्न आएता पनि पर्यटन आगमनमा वृद्धि हुने आशा पलाउनु पनि स्वाभाविकै हो । खाडी राष्ट्रहरूमा काम गरिरहेका करिब १० लाख नेपाली मजदुरको आवतजावतमा पनि यो उडानले सुविधा पुऱ्याएको छ । रियाद, दुबई, दोहासँग सीधा हवाई सम्पर्क भइरहेको कारणले गर्दा विदेशी पर्यटकहरूले भारत हुँदै नेपाल आउनुपर्ने बाध्यता पनि हट्न गएको छ । राष्ट्रका लागि यसलाई ठूलो उपलब्धि मान्नुपर्छ ।

नेपालको पर्यटन-व्यवसायलाई अग्रगति दिनका लागि नेपाल वायुसेवा निगम, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल पर्यटन बोर्ड, निजीस्तरका हवाई-कम्पनीहरू तथा विभिन्न ट्राभल एजेन्सी, पर्वतारोहण संघ, ट्रेकिङ कम्पनी, यातायात व्यवसाय र होटलहरूको महत्त्वपूर्ण भूमिका रहेको कुरामा कुनै शंका छैन । अन्य विभिन्न संघ-संस्थाहरूको पनि प्रत्यक्ष-अप्रत्यक्षरूपमा सम्बन्ध रहेको छ । तर, सम्बन्धित सम्पूर्ण निकायहरूका बीचमा आवश्यक समन्वय र सामन्जस्य हुन नसक्दा त्यसले पर्यटन-व्यवसायलाई असर पारेको छ र अस्वस्थ प्रतिस्पर्धाको कारणले आफ्नो लक्ष्यप्राप्तिका लागि कठिनाइ भइरहेको छ ।

सरकारी नीति निर्धारण गर्नेहरू, चालक दल, हवाई-कम्पनीमा काम गर्ने कर्मचारीहरू, हवाई-कम्पनीका सञ्चालकहरू, सरकारी निगमको व्यवस्थापन पक्षसँग सम्बन्धित व्यक्तिहरू र उड्डयनसँग सम्बन्धित व्यक्तिहरूका दृष्टिकोणहरूमा समन्वय र सामन्जस्य ल्याउन नसकेसम्म (खानेपानी प्राधिकरण, नेपाल टेलिकम, सडक विभागबीचको असामान्यजस्यता जस्तै) र राष्ट्रिय हितमा ती सबैलाई प्रयोग गर्न नसकेसम्म आन्तरिक र बाहय दुवै पर्यटनको एवं पर्यटन-व्यवसायकोसमेत भविष्य उज्ज्वल बनाउन अत्यन्त कठिन पर्ने कुरामा कुनै विवाद नहुने निश्चित छ ।

नेपालको अधिकांश भूभाग पहाड र पर्वतले भरिएको छ । त्यसैले यहाँ उड्डयनको विशेष महत्त्व छ । नेपालमा हाल ६० वटा विमानस्थलहरू छन् र तीमध्ये २५ वटा विमानस्थलको पुनर्निर्माण भइरहेको छ र ३५ वटा कच्ची विमानस्थलहरू छन् । ती सबै विमानस्थलहरूलाई संरक्षण गरेर समुचित ढंगले उपयोग गर्ने हो भने त्यसले नेपालको पर्यटन क्षेत्रलाई धेरै फाइदा पुऱ्याउने छ । आगामी दिनमा नेपालमा विदेशी पर्यटकको संख्या बढ्ने कुरा निश्चित प्रायः भएकाले विमानस्थलहरूलाई जुनसुकै समयमा पनि प्रयोग गर्न सकिने स्थितिमा तयार राख्नु आवश्यक छ । नेपाल वायुसेवा निगमले पर्यटकहरूको कमी हुने जुनसुकै मुलुकसँग द्विपक्षीय हवाई-सम्झौता गर्नुको सट्टा पर्यटक बढी आउने मुलुकसँग बढी सम्बन्ध विस्तार गर्ने हो भने ४२ वटा मुलुकको सट्टा त्योभन्दा कम मुलुकसँग भएको द्विपक्षीय हवाई-सम्झौताले पनि नेपालको पर्यटन-व्यवसायलाई ठूलो टेवा पुग्ने छ ।

नेपालका बारेमा समाचारहरू सम्प्रेषण गर्दा नवीन पद्धतिअनुरूप आकर्षक रूपबाट विदेशीहरूलाई समाचार-सम्प्रेषण गर्नु आवश्यक छ । विदेशमा रहेका निगमका कार्यालयहरूको व्यवस्थापन र अन्य पक्षमा कुनै कमजोरी रहेका छन् भने तिनलाई सुधार गरेर ती कार्यालयहरूमार्फत निगम र नेपालका विषयमा उचित र जानकारीमूलक समाचारहरू सम्प्रेषण गर्न पनि सकिन्छ । ती कार्यालयहरूको प्रभावकारी भूमिकाबाट पनि नेपालले प्रशस्त वैदेशिक मुद्रा आर्जन गर्ने सम्भावना रहन्छ ।

सरकारले पर्यटन-उद्योगलाई मुलुकमा अन्य उद्योगहरूसरह प्रेरणा, न्यायिक सुरक्षा र सुविधा उपलब्ध गराई पूर्ण मान्यता दिनुपर्छ एवं निजी क्षेत्रसँगको कार्यगत सम्बन्ध सुदृढ बनाउँदै सरकारले मुलुकमा सर्वसाधारण जनता, उद्योग एवं पर्यटनक्षेत्रमा शान्तिसुरक्षाको प्रत्याभूति दिनुपर्छ । पर्यटनसँग सम्बद्ध व्यावसायिक सेवालाई प्रस्टरूपले परिभाषित गरी एक-अर्काको क्षेत्रमा अनधिकृतरूपमा गर्ने गरेका व्यावसायिक क्रियाकलापहरूको अविलम्ब अन्त्य गराउनेतर्फ पनि सरकार संवेदनशील हुनु आवश्यक छ । तर नेपाल सरकारले पर्यटन क्षेत्रको विकासमा कुनै किसिमको ध्यान दिएको देखिँदैन ।

नेपाली आकाशमा आन्तरिक र अन्तर्राष्ट्रिय उडानका लागि दिन-प्रतिदिन प्रतिस्पर्धा बढ्दो छ । यो प्रतिस्पर्धामा निगमको उन्नति र अस्तित्त्वका लागि पनि साधन र स्रोत थप हुनु आवश्यक भएको छ । हाल निगमसँग रहेका विमानहरूले मात्र बजारको माग पूरा गर्न सक्ने अवस्था छैन । मागअनुसारको सिट तथा सेवा उपलब्ध गराउन नसक्दा निगमको बजार अंश घट्दै गएको छ भने सेवाको विस्तारका साथै नियमितता र विश्वसनीयतामा असर पनि पर्न थालेको छ । विमान संख्याको सीमितता निगमको प्रमुख चुनौती रहेको छ । उमेरका कारण कयौं कर्मचारीले अनिवार्य अवकाश लिँदै जाँदा ती पदहरू प्रतिस्पर्धाका आधारमा पूर्ति नगरिँदा निकै अप्ठचारो स्थिति आउन देखिएकाले यसतर्फ व्यवस्थापन सक्रिय भई नयाँ र उपयुक्त जनशक्ति सेवामा समाहित गराइरहेको छ । अब जहाजहरू थप गर्नेतर्फ पनि यसको ध्यान केन्द्रित भएको छ ।

निगमले कार्ययोजना तयार गर्दा विमान थप्ने कुरालाई विशेष प्राथमिकतामा राखेको छ । निगमका गन्तव्यहरू खुम्चिँदै गएको र बजारको अंश घट्दै गएको सन्दर्भलाई समयमा विचारमा ध्यान पुऱ्याउनु पर्दछ । निगम व्यवस्थापनले समयबद्ध तथा चरणबद्ध रूपमा विमानहरू थप्दै जाने कार्ययोजना बनाई तदनुरूप सक्रिय भएको छ । व्यवस्थापकीय सुधारतर्फ पनि निगम सक्रिय हुँदै आएको छ । नयाँ जनशक्तिको प्रवेशका साथै भएकालाई आवश्यक तालिम उपलब्ध गराई सक्षम एवं प्रतिस्पर्धी बनाउने कामलाई निरन्तरता दिइएको छ ।

> निगमले कार्ययोजना तयार गर्दा विमान थप्ने कुरालाई विशेष प्राथमिकतामा राखेको छ । निगमका गन्तव्यहरु खुम्चिँदै गएको र बजारको अंश घट्दै गएको सन्दर्भलाई समयमा विचारमा ध्यान पुऱ्याउनु पर्दछ । निगम व्यवस्थापनले समयबद्ध तथा चरणबद्ध रुपमा विमानहरु थप्दै जाने कार्ययोजना बनाई तदनुरुप सक्रिय भएको छ । व्यवस्थापकीय सुधारतर्फ पनि निगम सक्रिय हुँदै आएको छ । नयाँ जनशक्तिको प्रवेशका साथै भएकालाई आवश्यक तालिम उपलब्ध गराई सक्षम एवं प्रतिस्पर्धी बनाउने कामलाई निरन्तरता दिइएको छ ।



यी सब कुराहरूमा ध्यान दिँदै तदनुरूपको नीति निर्माण गर्नुका साथै अन्य सम्भावित मुलुकहरूमा बजार-प्रवर्द्धन गर्नुपर्छ । नेपाल नागरिक उड्डयन प्राधिकरणबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक स्वरूप एवं सुविधाको विकासका लागि अविलम्ब उपयुक्त कदमहरू चालिनुपर्छ र खुला आकाश नीतिलाई कागजमा मात्र सीमित नराखी नियमित उडानहरूलाई प्राथमिकता दिई थप सुविधा र सहुलियत प्रदान गरिनुपर्छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले (हाल पार्किङ गरेर राखेको स्थान) पूर्वतर्फको खाली जग्गालाई सानातिना जहाजलाई उडान गर्न सक्ने गरी व्यवस्थित गर्न सकिन्छ भने गुहेश्वरीतिर पुराना जहाजहरूलाई पार्किङ गर्न सकिन्छ। दक्षिणतर्फको हालको एयरपोर्टलाई लम्बाइतर्फ गरी ११ वटा विमान पार्किङ क्षेत्रबाट १५ देखि २० वटासम्म विमान व्यवस्थित तवरले राख्न सकिन्छ । हेलिकप्टरको पार्किङ नलिञ्चोक भक्तपुरमा राख्ने कार्य स्वागतयोग्य छ । जसबाट ट्राफिक जाम कम हुने देखिन्छ। नेपाल सरकारले अन्य क्षेत्रको बजेट काटेर भए पनि तीनकुनेदेखि जडीबुटीसम्म जतिसक्दो चाँडो अण्डरग्राउण्ड सडक निर्माण गरी हवाई मार्गलाई लम्ब्याउन सकिन्छ। हाल नेपाल आयल निगमले राखी छोडेको पेट्रोल पम्प भण्डारलाई हवाई क्षेत्रभित्रै अन्य स्थानमा सार्न सकिन्छ ।

निगममा विमान चालकहरूको अभाव ठूलो समस्या हो । हाल ३२०-२०० र ३३०-२०० एयरबसका पाइलटहरू सीमित भएको हुँदा सक्दो जहाजका पाइलटलाई तालिममा पठाइ अद्यावधिक तवरले राख्नुपर्दछ । जहाजहरू थप्दै जाने रणनीति बनाउनु, वैदेशिक उडानहरू थप गर्दै जाने स्थिति रहनु, आन्तरिक उडान गर्नुपर्ने स्थलहरू बढ्दै जानु, निजी क्षेत्रका वायुसेवाहरूसँग प्रतिस्पर्धामा उत्रनुजस्ता कारणहरूले निगमलाई चुनौती थपिएको बेलामा पाइलट र इञ्जिनियरहरूको अभाव हुनु सानो समस्या होइन । निगमका पाइलटहरूलाई निजी कम्पनीहरूले आफूतिर लोभ्याउन आकर्षक तलब दिन थालेकाले हालसालै निगम व्यवस्थापनले पनि विमान चालकको तलबमा केही वृद्धि गरेको छ । तर यो समाधान अस्थायी बाटो मात्रै हो । यसबाट पाठ सिकेर अब स्थायी बाटो खोज्नुपर्ने देखिएको छ । त्यसका लागि निगमभित्रकै कर्मचारीहरू अथवा निगमका कर्मचारीहरूमध्ये छोराछोरीलाई विमानचालक, इञ्जिनियर बनाउन निश्चित अवधिसम्म निगममा अनिवार्य काम गर्नुपर्ने गरी निगमले नै 'लगानी' गरिदिने र उत्तीर्ण भइसकेपछि त्यहीँ काम गर्ने व्यवस्था पनि गर्न सकिन्छ । यसो गर्न सकियो भने भविष्यमा पाइलट तथा इञ्जिनियरको अभाव विस्तारै हट्दै जाने छ ।

# असई विकको हत्या प्रकरणमा फरार पूर्वसांसद पक्राउ



**जलेश्वर (प्रस)–** महोत्तरीमा कार्यरत सशस्त्र प्रहरीका असई थमन विकलाई मधेस आन्दोलनको क्रममा आठ वर्षअघि २०७२ भदौ २५ गते हत्या गरिएको प्रकरणमा फरार रहेका पूर्वसंघीय तथा प्रदेश सांसद कौशलकुमार यादवलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्लाको सोनमा गाउँपालिका-५ खैरबनी घर भएका उनलाई शनिबार राति जिल्लाको सम्सी गाउँपालिका-५ पोखरभिण्डा गाउँमा उनले चढेको प्रदेश २-०२-००१-च ००४५ नम्बरको महिन्द्रा पिकअप गाडीले पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको डिएल ३ सिएवाई ८६१५ नम्बरको स्कारपियोमा ठक्कर दिँदा दुर्घटनामा परेपछि उनी पक्राउ परेको महोत्तरीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले बताए ।

निजउपर २०७२ साल भदौ २५ गतेको प्रेमबहादुर विकको जाहेरीले वादी नेपाल सरकार रहेको कर्तव्य ज्यान मुद्दा अदालतमा दायर भई निज हालसम्म फरार रहँदै आएकोले निजको हकमा प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ९८ बमोजिम मुल्तबीमा राखिएको हुँदा निजलाई आइतबार आवश्यक कारबाहीको लागि महोत्तरी जिल्ला अदालतमा उपस्थित गराइएको हो ।

पक्राउ परेका कौशलकुमार यादव तत्कालीन मधेसी जनअधिकार फोरम नेपालबाट २०६४ को निर्वाचनमा महोत्तरीको क्षेत्र नम्बर ४ बाट संघीय सांसद बनेका थिए । २०७४ को निर्वाचनमा संघीय समाजवादी फोरमबाट मधेस प्रदेशसभा सदस्यमा महोत्तरीको निर्वाचन क्षेत्र नम्बर ४ क बाट निर्वाचित भएका थिए ।

सशस्त्र प्रहरीका असई विकको हत्या प्रकरणमा महोत्तरी जिल्ला अदालतले २०८० मंसिर २८ गतेमा लोसपा नेपाल मधेस प्रदेशका संसदीय दलका नेता तथा प्रदेशसभा सदस्य अभिराम शर्मासहित सात जनालाई जन्मकैदको फैसला सुनाएको हो । त्यसैगरी अदालतले सोही मुद्दामा वर्तमान महोत्तरी क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य लक्ष्मी महतो र पवन कापरलाई सफाइ दिएको हो । पक्राउ परेका पूर्वसांसद यादवसहित १९ जनाको हकमा मुद्दा मुल्तबी राखिएको हो ।

# चितवनका एक हजार ७०० जनामा डेंगी संक्रमण

**चितवन–** चितवनमा एक हजार ७७१ जनामा डेंगी संक्रमण देखिएको छ । गत वर्ष साउनदेखि हालसम्ममा परीक्षणका क्रममा उनीहरूमा डेंगी संक्रमण देखिएको हो ।

चितवनका विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमा डेंगीको संक्रमण देखिएको हो । जनस्वास्थ्य कार्यालय चितवनका भेक्टर कन्ट्रोल निरीक्षक राम केसीका अनुसार २३ हजार ५७१ जनाको परीक्षणका क्रममा सो संख्यामा डेंगी संक्रमित फेला परेका हुन् । संक्रमितमध्ये एक हजार २६८ जना चितवनका रहेका छन् । ६६५ पुरुष र ६०३ महिलामा डेंगी संक्रमण देखिएको केसीले जानकारी दिए ।

यस्तै, ठेगना नखुलेका १३८ र चितवनबाहेकका जिल्लाबाट उपचार गर्न यहाँ आएका ३६५ जनामा डेंगी संक्रमण देखिएको छ । एकजनाको उपचारका क्रममा मृत्यु भएको केसीले बताए । सबैभन्दा बढी भरतपुर महानगरपालिकामा ६६४ जनामा डेंगी देखिएको छ । खैरहनी नगरपालिकामा १८७, माडी नगरपालिकामा २९, रत्ननगर नगरपालिकामा २३१, राप्ती नगरपालिकामा ७७, कालिका नगरपालिकामा २६ र इच्छाकामना गाउँपालिकामा ५४ जनामा डेंगी संक्रमण देखिएको छ ।

डेंगी रोग संक्रमण भएको पोथी जातको लमखुट्टेको टोकाइबाट यो रोग सर्ने गर्दछ । यो रोग चितवनमा पहिलोपटक सन् २००४ मा देखिएको हो । यसबाट बच्न झूल लगाएर सुत्ने, साँझ-बिहान कपडा लगाएर मात्र बाहिर निस्कने, खाल्डाखुल्डीमा पानी जम्न नदिने, टायर, बोतल र ड्रम नियमित सरसफाइ गर्ने तथा पानी जम्न नदिए डेंगी संक्रमण रोकथाम गर्न सकिने केसीले जानकारी दिए । *रासस*

# प्रतिपक्षको अवरोधबीच बजेटमाथिको छलफल सकियो

**कर्णाली (प्रस)–** प्रतिपक्षी दल नेपाली काँग्रेसको अवरोधकैबीच कर्णाली प्रदेश सरकारको बजेटमाथिको छलफल सकिएको छ । कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको चौथो अधिवेशनको आइतबार बसेको सोह्रौं बैठकमा बजेटमाथिको छलफल सकिएको हो ।

सभामुख नन्दा गुरुङले बैठकको कारबाही प्रारम्भ गरेलगत्तै प्रतिपक्ष दल नेपाली कांग्रेसका प्रदेशसभा सदस्यहरूले उठेर बैठक विरोध जनाएका थिए । त्यसैबीचमा सभामुख गुरुङले दलको तर्फबाट धारणा राख्न दिएपछि प्रदेशसभा सदस्य वेदराज सिंहले धारणा राखेका थिए । उनले प्रतिपक्षीले उठाएका विषयवस्तुहरू सम्बोधन गर्नुको साटो सदनलाई जबर्जस्त चलाउन खोजेको आरोप लगाए ।

**कर्णाली प्रदेशसभा**

सरकार र प्रतिपक्षीबीच छलफल नभई बैठक सञ्चालन भएको आरोप लगाउँदै सदस्य सिंहले विगतका सहमति कार्यान्वयन गर्न, वार्ता, छलफल र नागरिकलाई केन्द्रबिन्दुमा राखेर बजेट पारित गर्नुपर्नेमा जोड दिए । उनले सदनमा उब्जिएका विषयहरू समाधानोन्मुख हुँदा पनि ती विषयहरूमा समाधान गर्न नखोजिनु दुर्भाग्य भएको बताए । प्रतिपक्षीलाई बेवास्ता गरी सरकार अगाडि बढ्न खोजे सदन अगाडि बढ्न नदिने चेतावनी दिए ।

प्रतिपक्षीको धारणा सकिएलगत्तै सभामुख गुरुङले आर्थिक मामिला तथा योजनामन्त्री महेन्द्र केसीलाई सदनमा उठेका विषयहरूमाथि जवाफ दिन समय दिए । प्रतिपक्षी दल कांग्रेसले योजनामन्त्री केसीलाई रोष्ट्रममा जान अवरोध गऱ्यो । अवरोधका क्रममा मर्यादापालकहरूको सहयोगमा मन्त्री केसीले रोष्ट्रममा पुगेर सदनमा उठेका विषयमा जवाफ दिएका थिए ।

मन्त्री केसीले जवाफ दिएसँगै सभामुख गुरुङले आगामी आर्थिक वर्ष २०८१/०८२ को राजस्व र व्ययको वार्षिक अनुमान बजेटमाथिको सामान्य छलफल समाप्त भएको बताउँदै प्रदेशसभाको अर्को बैठक आज दिउँसो ३:०० बजेका लागि स्थगित भएको जानकारी दिए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLEAN ONE GENERAL CONTRACTING EST.

पुर्व स्वीकृति मिति: २०८०/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/03/१६ | LT. No.302675 | चलानी नं. ६०२१७४८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
श्रम ईजाजत नं. ११०८/०७३/०७४
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS



## कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारवाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर १५०३/०७४/७५ यस Bigyan HR Management Pvt. Ltd. मा कार्यरत तपसिल पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दावी विरोध सम्वन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्वन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्वन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| नाम | नागरिकता नम्बर | पद | ठेगाना |
|---|---|---|---|
| ममता सिटौला | २५-०१-७७-०२९७२ | डकुमेन्टेशन अफिसर | नुवाकोट |

BIGYAN HR MANAGEMENT PVT. LTD.
Govt. License 1503/074/75
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477



## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०३/१७ गते)

सिंग वहादुर सिलवालको नातिनी, हेम विक्रम सिलवालको छोरी, सिन्धुपाल्चोक जिल्ला, जुगल गाउँपालिका, वडा नं. १ सेलाङमा बस्ने टंक कुमारी थापाको मिति २०७५/११/१४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको जलवीरे शाखामा रहेको बचत खाता नं.१५५००६८१००४००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमान् भिम वहादुर थापाले यस बैंकको जलवीरे शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय जलवीरे, सिन्धुपाल्चोकमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय जलवीरे, सिन्धुपाल्चोक फोन नं.०११-४०३०५१



## कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर १२२४/०७४/०७५ यस Jalajala Recruitment Pvt.ltd मा कार्यरत तपसिल पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दावी विरोध सम्वन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्वन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्वन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| नाम | नागरिकता नम्बर |
|---|---|
| समिक्षा नेपाल | ०३-११-७५-००४१ |
| राजेश डि.सि | ३४१६/१९९० |
| उपहार जि जंग शाही | १५१५६ |
| अर्जुन डांगी | ५४१०३४/५०६ |
| राजेश शाही | ९२३१ |

JALAJALA RECRUITMENT PVT.LTD
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SOHA ABDUL RAHMAN SAAD FATTAH SEAFOOD RESTAURANT

पूर्व स्वीकृति मिति : २०८१/03/१४ | LT. No. 306952 | चलानी नं. ६०२२१६९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HUDA MUSAAF AWAID AL MUTAIRI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/03/१४ | LT. No. 306951 | चलानी नं. ६०२२१६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Housekeeping worker | 28 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAWAF SAHMI BIN MUHAMMAD AL-DAJANI CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८१/03/१४ | LT. No. 306953 | चलानी नं. ६०२२१६९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Housekeeping worker | 5 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TESLA OVERSEAS PVT.LTD.
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIVE LIFE RESTAURANT & CAFE CO

पूर्व स्वीकृति मिति २०८०/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/03/१६ | LT No :301603 | चलानी नं. ६०२१६४९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef Assistant/cook | 7 | 0 | 150 | ६५,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waitress | 0 | 3 | 130 | ५६,१७३ | | | | | | | |

कम्पनी : TOUCH OF ROSES FOR SELLING AND INSTALLING WIGS COMPANY

पूर्व स्वीकृति मिति २०८१/03/१४ | LT. No. 306937 | चलानी नं. ६०२२१६९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Saleslady | 0 | 3 | 150 | ६५,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SMART CAR WASH CARS

पूर्व स्वीकृति मिति: २०८१/03/१४ | LT. No. 306954 | चलानी नं. ६०२२१७१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

E.U.Bright Future Pvt. Ltd.
(PRESTIGE H.R. SOLUTION PVT.LTD.)
श्रम ईजाजत नं. ११७३/०७३/०७४
Tokha Municipality-10, Kathmandu, Nepal
Tel: 01-4975111, Email: eubrightfuture626@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AHMED AWAD AWAD AL JAHIM AL QAHTANI TRANSPORT COMPANY IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८१/03/१४ | LT. No.306996 | चलानी नं. ६०२१७०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
श्रम ईजाजत नं. ३८४/०५९/०६०
Tokha-10, Samakhushi, Kathmandu, Nepal
Tel: +977-1-4958977, 4983277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASASAT AL- TOUYA FOR GENERAL CONTRACTING Company

पूर्व स्वीकृति मिति २०८०/११/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/03/१६ | LT. No. 300782 | चलानी नं. ६०२१५६६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 12 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Reliance Recruitment Services Pvt. Ltd.
श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: PROJECT MANAGEMENT PROFESSIONAL INTERNATIONA

पूर्व स्वीकृति मिति २०८१/03/१४ | LT. No. 306985 | चलानी नं. ६०२२१६८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 65 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nasser Outsourcing Consultants Pvt. Ltd.
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

# प्रभाव दैनिक

सोमबार १७, असार २०८१ (Monday, July 01, 2024)





### ओमविक्रमको गीत ४० वर्षपछि 'श्रव्यदृश्य'मा

नेपाली संगीतमा परिचित पप गायक ओमविक्रम विष्टले ४० वर्षअघि शब्द र संगीत दिएको 'मलाई छोडी दूर नजाऊ' गीतको श्रव्यदृश्य सामग्री आइतबार सार्वजनिक गरिएको छ । पप सम्राट भनेर चिनिने गायक विष्टको उपस्थितिमा सार्वजनिक गरिएको श्रव्यदृश्यको विजयराज भूर्तेलले निर्देशन गरेका छन् । सोही कार्यक्रममा गायक शशी गुरूङको स्वरमा रहेको अर्को श्रव्यदृश्यसमेत सार्वजनिक गरियो । भूषण खरेलको शब्द, जेम्स प्रधानको संगीत रहेको गीतको श्रव्यदृश्यमा जेम्स प्रधानको निर्देशन रहेको छ ।



# राष्ट्रिय गीत लेखन प्रतियोगितामा जाजरकोटका क्षितिज कर्णालीबाट उत्कृष्ट

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले गणतन्त्र दिवस-२०८१ का अवसरमा आयोजना गरेको राष्ट्रिय गीत लेखन प्रतियोगितामा जाजरकोटका रामकुमार शाही 'क्षितिज समर्पण' कर्णाली प्रदेशबाट उत्कृष्ट भएका छन् ।

प्रतिष्ठानले उनीसहित हरेक प्रदेशबाट एक/एक जनालाई उत्कृष्ट छनोट गर्दै आइतबार जमलस्थित सांस्कृतिक संस्थानमा आयोजित विशेष समारोहमा पुरस्कृत गरेको छ ।

प्रतिष्ठानले गत जेठ १५ गते एक सूचना जारी गर्दै राष्ट्र, राष्ट्रियता र गणतन्त्रलाई संस्थागत गर्न सहयोग पुऱ्याउने राष्ट्रिय भावको गीत लेखनका लागि सार्वजनिक आह्वान गरेको थियो । सोहीबमोजिम देशभरबाट करिब २०० जना स्रस्टाबाट शब्द रचना प्राप्त भएको प्रतिष्ठानकी सदस्यसचिव कुश्मा महराले बताइन् । उनका अनुसार कर्णालीबाट १५ जना स्रस्टाले गीत रचना गरेर पठाएका थिए ।



प्राप्त रचनामध्येबाट निर्णायकमण्डलले हरेक प्रदेशबाट एक/एक वटा उत्कृष्ट गीत छनोट गरेको हो । यी सबै गीतलाई रेकर्ड गरिने सदस्यसचिव महराले बताइन् । यिनैमध्येका सर्वोत्कृष्ट तीनवटा गीतको म्युजिक भिडियोसमेत निर्माण गरिने प्रतिष्ठानले जनाएको छ । स्रस्टाहरूलाई प्रतिष्ठानकी कुलपति निशा शर्मा पोखरेल, उपकुलपति शम्भु राईलगायतले जनही १५ हजार नगद, दोसल्ला र प्रमाणपत्रसहित पुरस्कार प्रदान गरेका थिए ।

कथा, कविता, गीत, गजल लेखनमा सक्रिय क्षितिजले यसअघि लेखेको शब्द कर्णाली प्रदेशको खेल गीतका रूपमा उत्कृष्ट शब्द रचनाका रूपमा छनोट भएको थियो । उनका शब्दमा रहेका केही लोक र आधुनिक गीत रेकर्ड भइसकेका छन् । उनी यसअघि २०७५ सालमा भएको एक राष्ट्रिय कविता प्रतियोगितामा प्रथम भएका थिए भने, बाह्रखरी कथा प्रतियोगितामा लगातार दुई वर्ष (२०७५ र ०७६) उत्कृष्ट २५ मा परेका थिए । जुन कथाहरू संयुक्त संग्रहमा प्रकाशित छन् । उनको एकल गजल संग्रह र संयुक्त गजल संग्रहसमेत प्रकाशित छन् ।

# पौराणिक विषयमा लिखित उपन्यास 'कुन्ती' सार्वजनिक



**काठमाडौं (प्रस)–** वरिष्ठ पत्रकार हरिविनोद अधिकारीद्वारा लिखित पौराणिक उपन्यास 'कुन्ती' सार्वजनिक गरिएको छ। राजधानीमा शुक्रबार आयोजित एक कार्यक्रमबीच साहित्यकार डा. नवराज लम्साल, डा. गोविन्द भट्टराई, समालोचक ज्ञानु अधिकारी, प्राध्यापक विष्णु राई, सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लाल तथा पत्रकार तारानाथ दाहालले सामूहिकरूपमा उक्त कृति सार्वजनिक गरेका हुन् ।

कृतिमाथि टिप्पणी गर्दै डा. लम्सालले भने, 'महाभारतकी पात्र कुन्तीले कर्णलाई गरेको व्यवहारका कारण मैले उनीमाथि सकारात्मक दृष्टिकोण बनाउन सकेकी थिइनन्, उपन्यासकार अधिकारीको व्याख्याले ममा पौराणिक पात्र कुन्तीप्रति सकारात्मक अनुभूति जाग्यो ।' समालोचक ज्ञानु अधिकारीका अनुसार उपन्यास सरल र सरस भएकाले पूर्वीय दर्शन र पौराणिक अध्ययनका लागि पठनीय छ । 'लेखकले आफू पुरुष भएर पनि महिला पात्रप्रति गहन बुझाइ राख्नुभएको छ । यो सकारात्मक पक्ष हो,' उनले भने ।

प्रा.डा. विष्णुसिंह राईले सम्वादविना नै सम्पूर्ण उपन्यास सक्ने अनौठो कला लेखकमा पाएको टिप्पणी गरे । कुन्ती पात्रलाई उपन्यासमा न्याय भए पनि अन्य पात्रहरूलाई बीचमा नल्याएको भए अझ राम्रो हुने प्रा.डा.राईको सुझाव थियो ।

पूर्वन्यायाधीश गिरिशचन्द्र लालले महाभारतका अनेक जटिल विषयलाई सरल भाषामा प्रस्तुत गरिएको उपन्यासले पूर्वीय दर्शनमा रुचि राख्ने सबैलाई सहयोग पुग्ने विश्वास व्यक्त गरे । सो अवसरमा पत्रकार तारानाथ दाहालले महाभारतजस्तो विशाल ग्रन्थका बारेमा अहिलेको पुस्तालाई राम्रो जानकारी प्रदान गर्ने उपन्यास लेखेकोमा उपन्यासकार अधिकारीलाई धन्यवाद व्यक्त गरे ।

सानैदेखि महाभारत अध्ययनमा आफ्नो रुचि भएको बताउँदै उपन्यासकार अधिकारीले उक्त पौराणिक कथाकी पात्र कुन्तीको विद्रोह चेतले किताब लेख्न उत्प्रेरित गरेको सुनाए । 'सही उद्देश्यसहित क्रान्तिमार्फत शान्ति स्थापना गर्नुपर्छ भन्ने कुन्तीको अडान थियो । उनी मौन तर विद्रोही पात्र भएकी र उनका बारेमा कम लेखिएकाले पनि मैले यसमाथि किताब लेखें,' उनले भने ।

## रंगशाला

# टी–२० विश्वकपको उपाधि भारतलाई

## रोहित र कोहलीले लिए अन्तर्राष्ट्रिय टी–२० क्रिकेटबाट सन्यास

■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतले दक्षिण अफ्रिकालाई हराउँदै टी-२० विश्वकपको उपाधि जितेको छ । सन् २०१३ को च्याम्पियन्स ट्रफीपछि भारतले बार्बाडोसमा भएको फाइनलमा सात रनको रोमाञ्चक जित निकाल्दै शनिबार उपाधि जितेको हो ।

जितपछि भारतको नीलो जर्सी लगाएका समर्थक खुसीको आँसु झार्दै फाइनल खेल भएको खेलमैदानमा नाचेका दृश्य मनमोहक देखिन्थे । भारतले पछिल्लोपटक सन् २०११ मा घरेलु मैदानमा महेन्द्रसिंह धोनीको कप्तानीमा विश्वकप जितेको थियो । धोनीले सन् २००७ मा पहिलो संस्करणमा टिमलाई टी-२० विश्वकपको ट्रफी दिलाएका थिए ।

स्टार ब्याट्सम्यान विराट कोहलीले ५९ बलमा ७६ रन बनाउँदै भारतलाई सात विकेटको क्षतिमा १७६ रनको स्थितिमा पुऱ्याएका थिए । बेल्जियमबाट दिल्ली भ्रमणमा रहेका ३४ वर्षीय सफ्टवेयर व्यवसायी अभिषेक भगतले एएफपीसँग भने, 'यो विश्वबाहिरको अनुभूति हो । मैले सन् २००७ मा बाल्यकालमा यो अनुभव गरेको थिएँ । त्यसपछि सन् २०११ मा र अहिले फेरि सन् २०२४ मा पनि भारतले जितेको छ । यो लामो प्रतीक्षापछिको जित हो ।'

शनिबारको खेलमा 'म्यान अफ द म्याच' उपाधि जितेका ३५ वर्षीय कोहलीले



अन्तर्राष्ट्रिय टी-२० खेलबाट सन्यासको घोषणा गरेका छन् । कप्तान रोहित शर्माले पनि कोहलीको घोषणालगत्तै भारतका लागि टी-२० म्याचबाट सन्यास लिने घोषणा गरेका छन् ।

पहिलोपटक विश्वकपको फाइनल खेलेको दक्षिण अफ्रिकालाई अन्तिम पाँच ओभरमा ३० रन चाहिएको अवस्थामा लक्ष्य भेट्टाउन तयार देखिए पनि भारतीय बलरले उपाधिका लागि खेललाई आफ्नो पकडमा राख्न सफल भएका थिए ।

गुयानामा भएको सेमिफाइनलमा भारतले डिफेन्डिङ च्याम्पियन इंग्ल्याण्डलाई पराजित गरेको थियो । रोहित सन् २००७ मा टी-२० विश्वकपको पहिलो संस्करणमा भारतका लागि खेलेका थिए भने कोहलीले सन् २०११ मा धोनीको कप्तानीमा एकदिवसीय विश्वकप उपाधि भारतले जितेको थियो । त्यसको दुई वर्षपछि धोनीको टिमले ५० ओभरको च्याम्पियन्स ट्रफीको फाइनलमा आयोजक इंग्ल्यान्डलाई हराएको थियो तर प्रशंसकले अर्को ठूलो उपाधिका लागि ११ वर्ष कुर्नुपरेको थियो । भारत सन् २०१९ को एकदिवसीय विश्वकप र सन् २०२२ को टी-२० विश्वकपको सेमिफाइनलमा पराजित भएको थियो ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PROJECT MANAGEMENT PROFESSIONAL INTERNATIONAL

पूर्व स्वीकृति मिति २०८१/03/1६ | LT. No. 306999 | चलानी नं. ६०२२१७३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 35 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ र २५ गते (8 & 9 July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASMITA INTERNATIONAL OVERSEAS P. LTD.
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com
Govt. License 771/065/066

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EXPERTISE CONSTRUCTION COMPANY LIMITED

पुर्व स्वीकृति मिति २०८१/03/14 | LT. No. :306966 | चलानी नं. ६०२२१६९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 50 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL SHAIGI CARPENTERY FACTORY

पूर्व स्वीकृति मिति: २०८१/03/1६ | LT. No. 307009 | चलानी नं. ६०२२१७४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 52 | 0 | 150 | ६५,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Aadarsha Human Resources Pvt. Ltd
Sinamangal-9, Airport Kathmandu, Nepal. Tel: 01-5914402
Fax: +977 1 4112703 Email: aadarshahr@gmail.com
Website : www.aadarshahr.com.np
श्रम ईजाजत नं. १०२९/०६८/०६९

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PAN EMIRATES FURNITURE-

पूर्व स्वीकृति मिति २०८०/०९/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/03/1६ | LT. No. 297276 | चलानी नं. ६०२१२३१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 10 | 0 | 120 | ४१,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Aseana International Pvt. Ltd.
Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal, Tel:- 01-498950, Mobile no:9841555788
Email:-aseana.manpower@gmail.com, info@asenainternational.com, Website:- www.aseanainternational.com
Govt. License 937/067/068

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KHIZAR HAYAT NAZAR HUSSAIN CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०७/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/03/1६ | LT. No. 293842 | चलानी नं. ६०२०९६४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Electrician | 1 | 0 | 1200 | ४२,६00 | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 1 | 0 | 1200 | ४२,६00 | | | | | | | |

कम्पनी : DELTA EXPERTS CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८१/03/१४ | LT. No. 306975 | चलानी नं. ६०२२१७०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crane Operator | 1 | 0 | 2000 | ७१,००५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Excavator Operator | 1 | 0 | 2000 | ७१,००५ | | | | | | | |
| 3 | Forklift Driver | 2 | 0 | 2000 | ७१,००५ | | | | | | | |


अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २४ गते (8th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



टर्कीको अन्टाल्यास्थित समुद्र तटको एरियल ड्रोन तस्विर जहाँ पर्यटकहरू आनन्द लिइरहेका देखिन्छन् । *तस्विरः सिन्ह्वा*

# 'दोहा वार्तामा अफगानिस्तानका आन्तरिक मुद्दामा छलफल नहुने'

**काबुल–** अफगानिस्तानको विषयमा हुन लागेको दोहा सम्मेलनमा संयुक्त राष्ट्रसंघ नेतृत्वको बैठकअघि तालिबानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले अफगानिस्तानका आन्तरिक मुद्दाहरूमा छलफल नहुने र राष्ट्रका आन्तरिक मुद्दा कुनै पनि हिसाबले संयुक्त राष्ट्रसंघको विषय नभएको बताएका छन् ।

तेस्रो दोहा बैठक जुन ३० देखि जुलाई १ सम्म कतारमा हुने छ । मुजाहिदका अनुसार तालिबानले दोहा शिखर सम्मेलनमा अफगानिस्तानसँग अन्तरक्रिया गर्न देशहरूलाई आमन्त्रित गरेको छ । 'यो बैठकमा हाम्रो सहभागिता कुनै पनि पक्षको विरुद्धमा नभई सबै पक्षहरूसँग संलग्नता हो,' तालिबान प्रतिनिधिले भने । 'तेस्रो दोहा शिखर सम्मेलनमा अफगानिस्तानको आन्तरिक समस्याहरू सम्बोधन गरिने छैन किनभने यो राष्ट्रसंघको नभई देशको सान्दर्भिकताको विषय हो,' उनले भने ।

मुजाहिदले केही सर्तहरूमा तालिबानले यस सम्मेलनमा भाग लिइरहेको बताए । तर यसबारे विस्तृत जानकारी भने दिएनन् । संयुक्त राष्ट्रसंघले अफगानिस्तानप्रति साझा अन्तर ार्ष्ट्रिय दृष्टिकोण विकास गर्न मे २०२३ मा दोहामा तालिबानविना पहिलो अफगानिस्तान सम्मेलन आयोजना गरेको थियो । यस वर्षको फेब्रुअरीमा कतारको दोहामा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले दोस्रो अफगानिस्तान सम्मेलन आयोजना गरेका हुन् ।

राजनीतिक तथा शान्ति निर्माण मामिलाका लागि उपमहासचिव रोजमेरी डिकार्लोले मे १८ देखि २१ सम्म अफगानिस्तानको भ्रमण गरेका थिए । फेब्रुअरी २०२० मा संयुक्त राज्य अमेरिका र तालिबानले मे २०२१ सम्म अफगानिस्तानबाट अन्तर्राष्ट्रिय सेना फिर्ता गर्ने सम्झौतामा हस्ताक्षर गरेका थिए ।

अप्रिल २०२१ मा नेटोका विदेश र रक्षामन्त्रीले केही महिनाभित्र अफगानिस्तानबाट सबै सहयोगी सेनाहरू फिर्ता लिने निर्णय गरेका थिए । अमेरिका र नेटो सेनाले देशबाट फिर्ता हुने घोषणा गरेपछि तालिबानले प्रमुख सहरहरूमा आक्रमण सुरु गरेको थियो । एक हप्ताभन्दा कम समयमा तालिबानले देशका ३४ वटा प्रान्तीय राजधानीमध्ये सातवटा कब्जा गरेको थियो । *रासस/एएनआई*

### इरानी राष्ट्रपतीय निर्वाचनमा पुगेन बहुमत

# पेजेस्कियानलाई ४२.४ र जलिलीलाई ३८.६ प्रतिशत मत

**तेहरान–** इरानमा सम्पन्न पहिलो चरणको राष्ट्रपतीय चुनावमा एकमात्र सुधारवादी उम्मेदवार मसूद पेजेस्कियानले कट्टरपन्थी सइद जलिलीको भन्दा करिब चार प्रतिशत बढी ल्याउन सफल भएका छन् । पहिलो चरणको निर्वाचन यही जुन २८ गते सम्पन्न भएको थियो । निर्वाचन अधिकारीका अनुसार पेजेस्कियानले ४२.४ प्रतिशत मत प्राप्त गरेका छन् भने पूर्वआणविक वार्ताकार जलिलीले ३८.६ प्रतिशत मत प्राप्त गरेका छन् । यो राष्ट्रपतिको निर्वाचनका लागि चाहिने आवश्यक बहुमतभन्दा कम हो ।

त्यसैगरी, सभामुखबाट राष्ट्रपतीय निर्वाचनमा उम्मेदवारी दिएका मोहम्मद बघेर गालिबाफले १३.८ प्रतिशत मत प्राप्त गरेका छन् भने अर्का उम्मेदवार मुस्तफा पौरमोहम्मदीले एक प्रतिशतभन्दा कम मत प्राप्त गरेका छन् ।



इरानी राष्ट्रपतिका उम्मेदवार सईद जलिली (बाँया) र मसूद पेजेस्कियान ।

इरानी संविधानअनुसार राष्ट्रपतिका लागि कुनै पनि उम्मेदवारले बहुमत (५० प्रतिशत वा योभन्दा बढी) मत प्राप्त नगरेपछि दोस्रो चरणको निर्वाचन हुने भएको छ । शनिबार पहिलो चरणको निर्वाचन परिणाम घोषणा गर्दै निर्वाचन आयोगका प्रवक्ता मोहसेन इस्लामीले भने, 'पहिलो चरणको निर्वाचनबाट कुनै पनि उम्मेदवारले पूर्ण बहुमत प्राप्त गर्न नगरेको र दोस्रो चरणको निर्वाचनपूर्व निर्धारित कार्यक्रमअनुसार जुलाई ५ मा हुने छ ।'

चुनावपछिको आफ्नो पहिलो टिप्पणीमा पेजेस्कियानले आफ्ना समर्थकलाई धन्यवाद दिँदै आगामी शुक्रबार फेरि मतदान गरी देशलाई गरिबी, झूठ, भेद्भाव र अन्यायबाट बचाउन आग्रह गरेका छन् । सुधारवादी समूहनिकट मानिने पत्रिका इटेमादको वेबसाइटमा प्रशारित एक भिडियोमा उनले भने, 'तपाईंको उपस्थितिले मनोवृत्ति, व्यवहार, वार्तालाप र स्रोतहरूको वितरण र बाँडफाँडमा परिवर्तनका लागि नयाँ आवाजको आधार बन्ने छ भन्ने मलाई पूर्ण आशा छ ।'

इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीले शुक्रबार हुने मतदानमा उच्च सहभागिताका लागि आह्वान गरेका छन् । निर्वाचनमा छ करोड १० लाख मतदातामध्ये ४० प्रतिशतभन्दा केही बढीले मात्र भाग लिएका थिए । इस्लामिक गणतन्त्र इरानका लागि यो इतिहासमा नै सबैभन्दा कम मतदान प्रतिशत थियो । मतदानमा १० लाखभन्दा बढी मत बदर भएका छन् ।

यो निर्वाचन सन् २०२५ मा हुने तय भएको थियो तर गत महिना हेलिकप्टर दुर्घटनामा राष्ट्रपति इब्राहिम राइसीको निधन भएपछि यो निर्वाचन अघि सारिएको थियो । *रासस/एएफपी*

# नाइजेरियामा बम विष्फोट हुँदा १८ को मृत्यु, ४८ घाइते



**बोर्नो, नाइजेरिया–** नाइजेरियाको उत्तरपूर्वी राज्य बोर्नोमा भएको बम विष्फोटमा परी १८ जनाको मृत्यु भएको छ भने ४८ जना घाइते भएका छन् । घटनामा १८ जनाको मृत्यु भएको र ४८ जना घाइते भएका नाइजेरियाको आपत्कालीन सेवालाई उद्धृत गर्दै सिएनएनले समाचारमा उल्लेख गरेको हो ।

स्थानीय राज्य आपत्कालीन व्यवस्थापन निकाय (सेमा) का प्रमुखले सन्दिग्ध आत्मघाती आक्रमणकारीले विष्फोट गराएको बताए । उनले भने, 'पहिलो विष्फोट शनिबार दिउँसो ३ बजे विवाह समारोहमा भएको थियो । त्यसपछि दोस्रो विष्फोट जनरल अस्पताल ग्वोजामा भएको थियो भने तेस्रो विष्फोट अन्त्येष्टि समारोहमा भएको थियो ।'

बोर्नो राज्य प्रहरी प्रवक्ता नाहुम केनेथ दासोका अनुसार ग्वोजामा भएको तीनवटा विष्फोटमध्ये एउटा पिठ्युँमा बच्चा बोकेकी एक महिलाले विवाह समारोहमा घरेलु विष्फोटक उपकरण (आइइडी) विष्फोट गराएकी हुन् । आत्मघाती आक्रमणकारीले सोही सहरको अस्पताललाई पनि निशाना बनाएका र विवाह समारोहमा भएको विष्फोटका पीडितहरूको अन्त्येष्टिमा फेरी अर्को आक्रमण गरेको डब्ल्युआइओएनले जानकारी गराएको छ ।

सेमाका महानिर्देशक बेकिन्डो साइदुले बालबालिका, वयस्क र गर्भवती महिलासहित १८ जनाको मृत्यु भएको पुष्टि गरेका छन् । साइदुले गम्भीर घाइते भएका १९ जनालाई क्षेत्रीय राजधानी मैदुगुरी उपचारका लागि लगिएको छ ।

क्यामरूनको सीमापार रहेको नाइजेरियाली सहरमा एक दशकभन्दा बढी समयदेखि हिंसा हुँदै आएको छ । बोको हरामले सन् २०१४ मा ग्वोजालाई कब्जा गरेको थियो तर त्यसको एक वर्षपछि चाडेली सेनाको सहयोगमा नाइजेरियाली सेनाले यसलाई फिर्ता लिएको थियो । *रासस/एएनआई*

# आकस्मिक हडतालपछि ४०० भन्दा बढी उडान रद्द




**टोरन्टो, क्यानडा–** क्यानडाको एयरलाइन वेस्टजेटले मेकानिक्स युनियनको आकस्मिक हडतालपछि ४०० भन्दा बढी उडानहरू रद्द गरेको छ । क्यानडाको दोस्रो ठूलो वायुसेवा कम्पनी वेस्टजेटले ४९ हजार यात्रु प्रभावित हुने गरी ४०७ उडान रद्द भएको जनाएको छ ।

एयरलाइन प्रशासन 'युनियनसँग वार्ता गर्न अनिच्छुक' भएको कारण एयरक्राफ्ट मेकानिक्स फ्रेटरनल एसोसिएसनले आफ्ना सदस्यहरूले शुक्रबार साँझदेखि हडताल सुरु गरेको र यो अपरिहार्य भएको बताएको छ ।

संघीय सरकारले बिहीबार बाध्यकारी मध्यस्थताका लागि मन्त्रीस्तरीय आदेश जारी गरेपछि अन्तर्राष्ट्रिय र आन्तरिक उडानप्रभावित हुनेगरी आकस्मिक हडताल भएको हो । त्यसपछि नयाँ सम्झौताका लागि युनियनसँग दुई हप्तासम्म चलेको अशान्त छलफलपछि यस्तो भएको हो । वेस्टजेटले सोमबार क्यानडा डेमा समापन हुने लामो सप्ताहन्तका लागि आइतबारसम्म विमान पार्किङ जारी राख्ने जनाएको छ । एयरलाइन्ससँग करिब २०० वटा जहाज छन् । *रासस/एपी*

# पाकिस्तान र इरानबाट १३ हजारभन्दा बढी अफगानी आप्रवासी फिर्ता

**इस्लामाबाद (पाकिस्तान)–** इरान र पाकिस्तानबाट गत हप्ता १३ हजार ४४७ जना अफगानी आप्रवासीलाई स्वदेश फिर्ता पठाएको द खामा प्रेसले जनाएको छ । तालिबान नेतृत्वको मन्त्रालयका अनुसार महिला र बालबालिकासहित कुल शरणार्थीमध्ये १० हजार २२५ लाई इरानबाट र तीन हजार २२२ लाई पाकिस्तानबाट फिर्ता गरिएको थियो ।



अफगानी आप्रवासीहरू तोरघुन्डी, स्पिन बोल्डक, इस्लाम काला र मैत्री पुल जस्ता सीमाबाट अफगानिस्तान फर्केको मन्त्रालयले विस्तृत जानकारी दिएको छ । हालैका महिनामा पाकिस्तान र इरानबाट अफगान आप्रवासीहरूको फिर्ती तीव्ररूपमा बढेको छ । दुवै देशले उचित आवासीय कागजात नभएकाहरूलाई अफगानिस्तानमा फिर्ता पठाएको दाबी गरेको द खामा प्रेसले जनाएको छ ।

केही निर्वासित आप्रवासीहरूले वैध निवास कागजातहरू भए पनि उनीहरूलाई प्रहरीले हिरासतमा लिएको र जबरजस्ती अफगानिस्तान फिर्ता गरेको आरोप लगाएका छन् । धेरै अफगान आप्रवासीहरूले आफ्नो शिविरमा इरानी प्रहरीले दर्व्यवहार गरेको उदाहरणसहित दस्तावेज तयार पारेका छन् ।

पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफले यसअघि अफगानिस्तानसँगको सिमानामा अन्तर्राष्ट्रिय कानुन कडाइका साथ लागू गर्ने इच्छा व्यक्त गरेका थिए । यी घटनाक्रमहरू बीच अफगानिस्तानले हजारौं आप्रवासीहरूको जबरजस्ती फिर्तीबाट बढेको गम्भीर मानवीय संकटको सामना गरिरहेको छ । यो अवस्थाले अफगानी शरणार्थीहरूको अधिकार र सुरक्षाको रक्षा गर्न जारी मानवअधिकारको उल्लंघन र चुनौतीहरूलाई प्रकाश पार्छ । *रासस/एएनआई*

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १४२००० | प्रति तोला - १४१३०० | प्रति तोला - १७९० |

संसद्मा अर्थमन्त्री पुनको प्रस्टीकरण

## आयकर ऐनको दफा ५७ हेरफेरमा कुनै खोट छैन

■ प्रभाव संवाददाता



**काठमाडौं-** अर्थमन्त्री वर्षमान पुनले आर्थिक विधेयक संशोधनमार्फत आयकर ऐन २०५८ को दफा ५७ मा हेरफेर गर्न गरिएको प्रस्तावमा कुनै खोट नरहेको बताएका छन् । प्रतिनिधिसभामा दफावार छलफलका क्रममा संशोधनकर्ता सांसदहरूले उठाएका प्रश्नको आइतबार जवाफ दिँदै सरकारले साना र 'स्टार्ट अप' व्यवसाय प्रवर्द्धनका लागि नयाँ व्यवस्था गरिएको बताएका हुन् ।

त्यसबारे यसअघि सैद्धान्तिक छलफलमासमेत पर्याप्त जवाफ दिइसकेको उनको भनाइ थियो । गत साता संसद् बैठकमा मन्त्री पुनले लगानी प्रवर्द्धनका लागि केही लचिलो नीति प्रस्ताव गरिएकाले लगानीकर्ताको मनोबल गिराउने अभिव्यक्ति नदिन सांसदहरूलाई आग्रह गरेका थिए ।

कम्पनीको स्वामित्व ५० प्रतिशत वा सोभन्दा बढीले परिवर्तन भएको अवस्थामा सम्बन्धित कम्पनीले आफ्नो सम्पत्ति तथा दायित्व निःसर्ग वा बिक्री गरेको मानिने उनले प्रस्टयाए । कम्पनीको स्वामित्व ५० प्रतिशतभन्दा बढी परिवर्तन भएको र पुराना सेयरधनी कायमै रहेको अवस्थामा नयाँ लगानीकर्तामार्फत थप पुँजी लगानी गरी ५० प्रतिशतभन्दा बढी स्वामित्व परिवर्तन भए पनि दफा ५७ आकर्षित नहुने मन्त्री पुनले जानकारी दिए ।

उनले साविक आयकर ऐन २०५८ को दफा ५७ को व्यवस्थाले लगानी संकुचन गरेकाले संशोधन गर्न निजी क्षेत्रका छाता संस्थाले पटक-पटक माग गर्दै आएको र यसपटकसमेत सोही माग गरेको जानकारी संसद्लाई गराए । विद्यमान ऐनको अवस्थाले लगानी आप्रवाह निरुत्साहित गरेकाले संशोधन गर्नुपर्ने निजी क्षेत्रको माग सम्बोधन गरिएको उनले उल्लेख गरे । 'भेञ्चर क्यापिटल' र 'प्राइभेट इक्विटी' फण्डमार्फत आउने पुँजीलाई विद्यमान व्यवस्थाले निरुत्साहित गरेको गुनासो निजी क्षेत्रले राख्दै आएको सम्बन्धमा सबै जानकार रहेको उनले बताए ।

'आयकर ऐन २०५८ को दफा ५७ मा गरिएको संशोधनबारेमा कम्पनी ऐनको व्यवस्थामा कम्पनीको ५० प्रतिशतभन्दा बढी नियन्त्रण र परिवर्तन हुँदा कम्पनीलाई निःसर्ग अथवा बिक्रीसरह मान्नुपर्ने र सोहीअनुसानर कम्पनीको दायित्व र सम्पत्तिको मूल्यांकन गरी आय भएमा कर तिर्नुपर्ने र नोक्सानी भएमा सार्न नपाउने व्यवस्था साविकको आयकर ऐन २०५८ को दफा ५७ मा रहेको थियो,' उनले भने, 'लामो समयदेखि निजी क्षेत्रले यो दफाले लगानी आप्रवाहलाई निरुत्साहित गरेकोले संशोधन गर्नुपर्ने आवाज उठाउँदै आएको अवस्था थियो । चालु आर्थिक वर्षमासमेत निजी क्षेत्रका छाता संगठनबाट यो व्यवस्थामा संशोधन हुनुपर्ने सुझावहरू प्राप्त भए । खासगरी साना स्टार्ट अप कम्पनीमा लगानी गर्ने 'भेञ्चर क्यापिटल' र 'प्राइभेट इक्विटी फण्ड' मार्फत आउने पुँजीलाई यसले निरुत्साहित गरेको छ भन्ने गुनासाहरू थिए ।'

साना कम्पनीले आफ्नो पुँजी वृद्धि गर्न नसकी नयाँ साझेदार वा लगानीकर्ता खोज्ने तर लगानी गर्दा साविकको कम्पनीको बिक्रीसरहको व्यवहार गर्नुपर्ने व्यवस्थाले लगानीकर्ता आकर्षित नभएको भनाइ निजी क्षेत्रको रही आएको उनले स्मरण गरे । नयाँ आर्थिक ऐनमा उक्त दफामा केही खुकुलो गरी साविकको सेयरवाला तथा साझेदारको सेयर संख्या र पुँजी यथावत् रहने व्यवस्था मात्र गरिएको जवाफ मन्त्री पुनले दिए ।

'सेयरवाला पनि यथावत् र साझेदारको संख्या र पुँजी यथावत् रही नयाँ सेयरवाला तथा साझेदार थप भई पुँजी वृद्धि भएको अवस्थामा यो उपदफाको व्यवस्था लागू हुने छैन । यतिमात्रै गरिएको हो,' 'पहिला जुन कमपनीको जे अवस्था थियो त्यसलाई कायमै राखी यदि नयाँ पुँजी वृद्धि गरिएको छ, साझेदार थपिएको छ भने त्यस्तो अवस्थामा मात्रै हो ।' उनले नयाँ व्यवस्थाबाट विचलन वा अनुचित काम हुन्छ कि भन्ने चिन्तालाई सरकारले ध्यान दिने प्रतिबद्धता जनाए ।

सेयरको खरिद-बिक्रीलाई नभई कम्पनीको सेयर वृद्धिलाई मात्र सहुलियत दिने उद्देश्यले ल्याइएको व्यवस्थाबारे शंका नगर्न अर्थमन्त्री पुनले आग्रह गरे । 'नयाँ साझेदारमात्र थपिन्छ र पुँजी वृद्धि हुन्छ भने त्यस्तो अवस्थामा यो व्यवस्था गरिएको हो,' उनले भने, 'यसरी सेयर खरिद-बिक्री हुँदैन र नयाँ साझेदार थप्ने पुँजी वृद्धि गर्ने मात्र कुरा हो । यसले खासगरी स्टार्टअपहरूलाई राम्रो गर्छ भन्ने सरकारको धारणा हो र यही स्पिरिटबाटै यो व्यवस्था विधेयकमा प्रस्तुत गरिएको छ ।'



**तरकारी लगाउन सिक्दै** | तीन तरिकाबाट भेडे खुर्सानी लगाई बारीमै तरकारीखेतीका बारेमा जानकारी लिँदै मुद्राङ गाउँका महिलाहरू ।

*तस्बिर: धनबहादुर भण्डारी/रासस*

## बढ्यो इन्धनको मूल्य

**काठमाडौं (प्रस)–** पेट्रोलियम पदार्थको मूल्य बढेको छ । नेपाल आयल निगमले गएरातिदेखि नै लागू हुनेगरी मूल्यवृद्धि गरेको हो । निगमले आइबार साँझ एक सूचना जारी गर्दै पेट्रोलमा प्रतिलिटर दुई रूपैयाँ र डिजेल तथा मट्टितेलको मूल्य प्रतिलिटर पाँच रूपैयाँ बढाएको जानकारी दिएको छ । हवाइ इन्धन र एलपी ग्यासको मूल्य भने बढाइएको छैन । बढेको मूल्य आइतबार राति १२ बजेबाट कार्यान्वयनमा आएको छ ।

मूल्यवृद्धिपछि काठमाडौं, पोखरा र दिपायलमा पेट्रोलको मूल्य प्रतिलिटर १६७ रूपैयाँ र डिजेल तथा मट्टितेलको मूल्य प्रतिलिटर १५७ रूपैयाँ पुगेको छ । चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज वरपरका लागि भने पेट्रोलको मूल्य प्रतिलिटर १६४ र मट्टितेल तथा डिजेल प्रतिलिटर १५२ रूपैयाँ तोकिएको छ ।

यस्तै सुर्खेत र दाङका लागि पेट्रोल प्रतिलिटर १६६ र डिजेल तथा मट्टितेलको १५६ रूपैयाँ कायम गरिएको निगमले जनाएको छ । निगमका अनुसार भारतबाट मूल्य बढेर आएका कारण पेट्रोल र डिजेलको भाउ बढाइएको हो ।

कोरोना भाइरस रोगबाट बच्ने उपायहरू
◆ बेलाबेलामा साबुनपानीले मिचिमिचि हात धुने वा अलकोहल भएको स्यानिटाइजर प्रयोग गर्ने
◆ खोक्दा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने
◆ हात मिलाउनु वा अंकमाल गर्नुको सट्टा, नमस्कार गर्ने
◆ भिडभाडमा नजाने
पछिल्लो समयमा केपी प्रजातिको नयाँ भेरियन्ट समेत देखा परेकाले जनस्वास्थ्यका मापदण्ड पालना गर्न अनुरोध गरिन्छ ।
नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
Goverment of Nepal Department of Water Supply and Sewerage Management
JFPR Japan Fund for Prosperous and Resilient Asia and the Pacific
From the People of Japan
ADB

## नेपाल सुनचाँदी व्यवसायी महासंघमा रसाइली



**काठमाडौं (प्रस)–** नेपाल सुनचाँदी व्यवसायी महासंघको केन्द्रीय अध्यक्षमा अर्जुन रसाइली निर्वाचित भएका छन् । काठमाडौंमा आइतबार सम्पन्न महासंघको चौथो महाधिवेशनबाट प्रतिस्पर्धी विपेन्द्रबहादुर रामुदामलाई पछि पार्दै उनी अध्यक्षमा निर्वाचित भएका हुन् । रसाइलीले २५० मत प्राप्त गर्दा प्रतिस्पर्धी रामुदामुले १८४ मत प्राप्त गरे । महासंघको वरिष्ठ उपाध्यक्षमा दियेशरत्न शाक्य र उपाध्यक्षहरूमा धर्मसुन्दर बज्राचार्य, वुद्धिबहादुर विक दियाली, रूपदल विश्वकर्मा विजयी भए ।

यस्तै, महासचिवमा किरणभाइ बज्राचार्य, कोषाध्यक्षमा सुदीप श्रेष्ठ, सचिवमा टुलकप्रसाद विश्वकर्मा र निर्मल दियाली, सहकोषाध्यक्षमा पद्मसुन्दर शाक्य निर्वाचित भएका छन् । महाधिवेशनमा ४४६ प्रतिनिधि रहेका थिए ।

## किसानले पाए अन्डाको लागत मूल्य

**चितवन (प्रस)–** चितवनका किसानले पाँच वर्षपछि अन्डाको लागत मूल्य पाएका छन् । पछिल्लो पाँच वर्षयता लागत मूल्य कायम नहुँदा किसानले घाटा बेहोर्नु परेको थियो । किसानको समस्या समाधानका लागि विज्ञ समूह बनाएर अन्डाको वास्तविक लागत मूल्य खोजी गरिएको थियो । उक्त समूहले अन्डाको लागत १६ रूपैयाँ ५६ पैसा लागत मूल्य निकालेको थियो । गत हप्तादेखि किसानले प्रतिक्रेट (३० वटाको) ठूलो चार सय ९५ र मध्यम चार सय ७० रूपैयाँ पाउन थालेका छन् ।

नेपाल लेयर्स कुखुरा पालक संघका अध्यक्ष विनोद पोखरेलले किसानले पाँच वर्षपछि लागत मूल्य पाएको बताए । '२०७६ सालमा किसानले लागत मूल्य हाराहारी पाएका थिए । त्यतिबेला अन्डाको मूल्य प्रतिक्रेट चार सय पाँच रूपैयाँ पुगेको थियो ।

सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू
◆ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
◆ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
◆ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्याऔं ।
◆ सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
◆ झारफूक लगायतका गलत परम्परागत उपचार विधितिर नलागौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध
यस प्रभाव दैनिक प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार २५ गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।
लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल
फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ